# नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका | First Nepalese Newspaper in Japan | 日本初ネパール語の新聞

वर्ष ७, अंक २१, २०७२ साउन १६- ३०, मूल्य : १०० येन

Vol. 7, No. 21, Aug. 1-15, 2015, Price : ¥ 100



Across · No.1 TRAVEL BY H.I.S.

WORLDWIDE DISCOUNTED AIR TICKET BOOKING

KATHMANDU

| | |
|---|---|
| CATHAY PACIFIC (NARITA) ¥40,000~ (ONE WAY) ¥62,000~ (2 MONTH FIX) ¥77,500~ (2 MONTH FIX OPEN) | MALAYSIAN AIRLINES (NARITA) ¥1,00,000~ (2 MONTH FIX OPEN) ¥85,000~ (1 MONTH FIX OPEN) ¥64,000~ (ONE WAY) (FUEL SURCHARGE INCLUDED) |
| CATHAY PACIFIC (HANEDA) ¥44,000~ (ONE WAY) ¥67,000~ (2 MONTH FIX) ¥88,000~ (2 MONTH FIX OPEN) | ETIHAD AIRWAYS ¥55,000~ (35 DAYS FIX) |
| | QATAR AIRWAYS (HANEDA) ¥47,200~ (35 DAYS FIX OPEN) |
| CHINA EASTERN AIRLINES ¥22,500~ (6 MONTH FIX OPEN) ¥20,300~ (ONE WAY) | AIR INDIA ¥61,000~ (1 MONTH FIX OPEN) ¥66,000~ (3 MONTH FIX OPEN) ¥42,000~ (ONE WAY) |
| CHINA SOUTHERN AIRLINES ¥68,300~ (3 MONTH FIX OPEN) ¥46,000~ (ONE WAY) | KOREAN AIRLINES ¥46,000~ (3 MONTH FIX OPEN) |
| THAI AIRWAYS ¥80,000~ (2 MONTH FIX) | SINGAPORE AIRLINES ¥80,000~ (1 MONTH FIX OPEN) |

विस्तृत जानकारीको लागि
- Rikesh Maharjan -Juma Maharjan
080-4794-4065 (SoftBank) 03-6871-9261
Business Hour【Mon.-Fri.】10:00-19:00【Sat./Sun. national holiday】11:00-18:00
"माथि उल्लेखित मूल्यमा इन्धन शुल्क र एयरपोर्ट कर समावेश गरिएको छैन"
his552d@his-world.com http://www.no1-travel.com


३

**सुनाकली जापान आउने**

भोजराज भाटद्वारा निर्देशित सुनाकली अगस्ट १७ र १८ मा सिनओकुवो फिल्म फेस्टिबलमा प्रदर्शन हुने

५

**मूख्यसचिवमा डा. सुवेदी**

डा.सोमलाल सुवेदी मूख्यसचिव नियुक्त भएसँगै सात मन्त्रालय सचिव बिहीन



७

**जापानमा उदाउँदै नेपाली डाइरेक्टर**

विद्यार्थीका रुपमा ८ वर्ष पहिले जापान प्रवेश गरेका बस्नेत हिजो आज डाइरेक्सनमा व्यस्त छन्



## एनआरएन जापानको नेतृत्वमा थापात्रय र खरेल भिड्दै



सुदन थाप



नरबहादुर थापा



चिरञ्जिवी थापा



तुल्सीराम खरेल

❑ नेस डेस्क

टोकियो- एनआरएन जापानको नेतृत्वको दावी गर्दै अहिलेका उपाध्यक्ष-त्रय र अघिल्लो अघिवेशनमा पराजित उम्मेदवार गरी चार जनाको भिडन्त हुने भएको छ ।

मौजुदा कार्यसमितिका उपाध्यक्षहरु सुदन थापा, नरबहादुर थापा र तुल्सीराम खरेल आफ्नो कार्यकालका महत्वपूर्ण जिम्मेवारीहरु बाँकी छँदै आफ्नो पक्षमा जनमत बटुल्न प्रचारप्रसारमा होमिएका

»» बाँकी पृष्ठ ६ मा

## शीर्ष नेताहरूको नियत ठिक देखिएन



❑ नेस डेस्क

काठमाडौं – नयाँ संविधानको मस्यौदा आएसँगै दलित समुदायको असन्तुष्टिका स्वरहरू सुनिए । मस्यौदाले विगतमा भएका सहमति र सम्झौता बेवास्ता गरेको भन्दै दलित समुदाय आन्दोलित भएको छ । सबै दलका नेताहरू सम्मिलित संयुक्त दलित संघर्ष समितिले विभिन्न चरणका आन्दोलन गरिरहेको छ ।

**सभासदका कुरा**

आन्दोलनमा नेकपा एमालेका सभासद् जितु गौतमले संसदीय मोर्चाको नेतृत्व गरेका छन् । प्रस्तुत छ दलित आन्दोलनबारे गौतमसँग गरिएको कुराकानीको सम्पादित अंश –

»» बाँकी पृष्ठ ६ मा

## सिमांकन पनि मिलाउने कसरत

❑ नेस डेस्क

काठमाडौं – सिमांकन मिलाउन संघीय आयोगलाई जिम्मा दिने १६ बुँदे सहमतिमा विरोध तीब्र भएपछि प्रमुख राजनीतिक दलका नेताहरु पुनः गृहकार्यमा जुटेका छन् ।

सीमांकनसहितको संघीयतामा सहमति गरेर संविधान जारी गर्न प्रमुख दलका शीर्ष नेताहरूले अन्तिम कसरत सुरू गरेका छन् । उनीहरूले तराईमा दुई प्रदेशसहित उत्तर-दक्षिण जोडिएको ६ प्रदेशमा सहमति खोज्ने अन्तिम कसरत गरेको जनाएका छन् ।

कांग्रेस, एमाले, एमाओवादी र मधेसी जनअधिकार फोरम लोकतान्त्रिकसहित चारै दल आन्तरिक छलफलपछि बुधबारबाट ६ प्रदेशमा सहमति खोज्ने गरी निरन्तर छलफलमा छन् । तीन दिनदेखि लगातार सघन छलफलमा जुटेका

»» बाँकी पृष्ठ ६ मा


जापान इ-फुड्स सप्लायर्स

अब जापानभरि

इन्डियन, नेपाली, थाई, भियतनाम रेष्टुरेन्ट तथा हलाल फुड्स लगायत व्यवसायिक प्रयोजनका लागि आवश्यक पर्ने हरेक किसिमका खाद्य तथा अन्य उपभोग्य सामाग्री सुपथ मूल्यमा जापानभरि उपलब्ध गराईन्छ ।

उच्च गुणस्तरिय सामान र छिटो छरितो एवं भरपर्दो सेवाका लागि सँधै हामीलाई सम्झनुहोस्

जापान इ-फुड्स कम्पनी लिमिटेड
〒123-0864 Adachi-Ku, Shikahama 2-26-16 Tokyo, Japan
Tel : 03-5837-4977, Fax : 03-5837-4987
Mob : 090-6477-4977 (Softbank)
Email : info@e-foodsjapan.com, Website : www.e-foodsjapan.com

विशेष छुटको ब्यवस्था

उच्च गुणस्तरको, तन्दुर तथा विभिन्न मसलाहरु चाहिएमा अथवा रेष्टुरेन्टलाई आवश्यक पर्ने विभिन्न सामग्रीहरुका लागी हामीलाई सम्झनुहोस् ।

भारी छुटमा गुणस्तरीय काजु उपलब्ध छ ।

जापानमा तन्दुर तथा मसलाहरूको पहिलो थोक विक्रेता

सम्पर्क:
NAMASTE BOUEKI
Namaste Boueki Building, 3375 Nakashima , Shikamaku, Himeji-Shi, Hyogo, 672-8035
TEL: 079-231-4343 / MOB: 080-5343-6366 FAX: 079-231-4344

"नेपालीका लागि नेपालीबाटै"
फुदोसान, हाकेन र इन्टरनेट लगायतका सेवाहरु

कोठा तथा रेष्टुरेन्ट चाहिएमा
जापानका विभिन्न ठाउँमा काम चाहिएमा
(पार्ट टाइम तथा फुल टाइम, स्युस्योकुको लागि)
इन्टरनेट जडान गर्नु परेमा
(विभिन्न उपहारका साथमा)
कम्प्यूटर चाहिएमा
(नयाँ तथा पुराना विभिन्न मोडलहरूमा)
सित्तैमा सफ्टबैंकको मोबाईल चाहिएमा
(नयाँ सिम सहितको सफ्टबैंकको मोबाईल सेटहरू सित्तैमा उपलब्ध गराईन्छ)

सिन्जुकु, इकेबुकुरो, सिनओकुवो, ताकादानोबाबा, नाकानो, कोयञ्जी, कामाता, कोइवा, ग्योतोकु, गोतान्दा, आसागाया, साइतामा, चिवा, खानागावा, लगायत अन्य ठाउँहरु

GLOBAL HOME NETWORK
Global Home Network Co., Ltd.
Tokyo-To, Shinjuku-Ku, Hyakunin-Cho 1-17-5, Mezon Ogura 305
*1 minute walk from Okubo Station (Between Shinokubo & Okubo Station)
Phone: 03-5937-6958 Fax: 03-5937-6959
Mobile: 080-6527-7429 (Paudel)
090-4542-1023 (Shibatha)
080-3158-5833 (Yoshida)
URL: globalhomejapan.com
E-mail: shiva_pkr@globalhomejapan.com

विशेषताहरु:
- अति नै सस्तो किमनी भएको कोठा तथा इनुकी रेष्टुरेन्टहरु
- पायक पर्ने उपयुक्त ठाउँहरु
- ग्यारेन्टरको झन्जट नहुने
- छिटो र छरितो

विशेष छुटमा कोठाहरु
✓ आफूलाई पायक पर्ने स्थानमा कोठाहरू चाहिएमा
✓ किमनी नलाग्ने leopalace को कोठाहरू चाहिएमा
✓ मान्सन तथा घरहरू किन्नु परेमा हामीलाई सम्झनुहोस

फुदोसानको चार्जमा विशेष छूट

Koyo Pvt. Ltd.
東京都新宿区百人町1-23-17大久保南口共同ビル302
सम्पर्क
Tel : 03-5332-7877
Fax : 03-5332-7879
Mob : 080-41789741 (Kapil)
Mob : 080-5501-3440 (Han)
(ओकुवो स्टेसन मिनामी गुची(South Gate) नजिकै)

एरियाहरू
✓ टोकियो भित्र सबै
✓ चिवा
✓ साइतामा
✓ कानागावा

लामो समयसम्म जापानमा बस्न चाहानुहुने नेपालीहरूका लागि घर, फ्ल्याट तथा मान्सन खरिद गर्नुका साथै सोको लागि बैङ्क लोन सम्बन्धी परामर्श तथा सेवा उपलव्ध छ ।

No.1 TRAVEL We go the extra mile for you SHIBUYA BRANCH
Discount Air Ticket Worldwide Shibuya Branch
हवाई-टिकटका लागि स्वर्णिम अवसर
"नम्बर वन ट्राभल"

विगत २५ वर्षदेखि यहाँहरुको सेवामा समर्पित "नम्बर वन ट्राभल" मा विशेष छुट सहित सस्तो र भरपर्दो हवाइ टिकट बिक्री भइरहेको छ ।

Kathmandu *Round Trip*
JPY 24,600+TAX 06 Month fix open fix CHINA EASTERN AIR
JPY 46,000+TAX 01 Month fix open KOREAN AIRLINES
JPY 80,000+TAX 01 Month fix open SINGAPORE AIRLINES
JPY 78,000+TAX 03 Month fix open CHINA SOUTHERN AIR
JPY 53,000+TAX 01 Month fix open ETHID AIR
JPY 75,000 06 Month fix open No.1 travel Special Multiple Airlines
Kathmandu One Way
JPY 41,000+TAX One Way CHINA SOUTHERN AIR
JPY 35,200 One Way ETIHAD AIR
३ महिना, ६ महिना र १ वर्षको पनि सस्तोमा छ। नेपालबाट जापान आउने टिकट पनि यहीबाट उपलब्ध छ।
Delhi/Bombay
JPY 53,000+TAX 03 Month fix open AIR INDIA
THAI AIR 40,000円 1 Month Fixed

〒150-0043 Shibuya Ku, Dougenzaka 1-20-1 Osawa Bld. 6F, Tokyo, Japan
Shibuya Contact: Dinesh KC 080-4142-4740 (SB) , Raju Shrestha 070-1202-7068 (SB)
Bimala 080-4142-4741 (YOKOHAMA), Office: 03-3770-1381, Email: no1shb@alles.or.jp
"The Fare are excluding Airport Taxes and Fuel Surcharge"
"माथि उल्लेख गरिएका भाडामा एयरपोर्ट दस्तुर र इन्धन मूल्य समावेश गरिएको छैन"

कोठा तथा इन्टरनेटका लागि
जापानभरी नै सेवा उपलब्ध छ

पार्ट टाईम तथा वर्किङ भिसाको प्रोसेसिङ सम्बन्धि सेवा उपलब्ध छ ।
आकर्षक नगद तथा कम्युटर उपहार सहित इन्टरनेट जडान गरिन्छ ।
PART TIME JOBS
नेपाली मार्केटमा काम गरेको लामो अनुभव प्राप्त पार्ट टाइम स्टाफ र एजेन्टको आवश्यकता छ ।
तपाईलाई आवश्यक परेको ठाउँमा आकर्षक र सस्तो कोठाहरु उपलब्ध गराईन्छ ।
अन्य जुनसुकै परामर्शका लागि पनि सँधै सेवामा हाजिर छौं ।

CONTACT :
ADVANCE LIFE CO., LTD.
169-0075, Tokyo, Shinjuku-Ku, Takadanobaba 4-9-18, Azegami Seven Bldg. 201
TEL: 03-6304-0537 FAX: 03-6304-0538
Mobile:
080-4166-9841 (Shrestha), 080-3159-3298 (SB), 090-4097-8715 (Docomo) (Fukuda)

समुद्रपारि.com क्षणभरमै संसारभरि सूचना र सञ्चारका लागि समुद्रपारि डट कम www.samudrapari.com Log on Now

Published By:
GMT International Co., Ltd.

Tilak Malla
Chairman

Bhushan Ghimire
Editor

Dr. Bhupal Man Shrestha
Managing Director

2-14-4 (1F) Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel & Fax: 03-5937-5314
Email: nepalisamchar@gmail.com, samudraparinews@gmail.com
http://www.samudrapari.com, http://www.gmt-intl.com

## सम्पादकीय

# नागरिकले पनि बिर्सन नहुने दायित्व

नेपाली जनताको छ दशक लामो प्रतीक्षा र संघर्षको परिणाम स्वरूप ऐतिहासिक संविधानसभाले आफ्नो काम पूरा गर्ने तयारी गरेको छ । ठूलै राजनीतिक परिघटना अगाडि नआए ढिलोमा अबको एक महिनाभित्र संविधान आउने निश्चितप्रायः छ ।

दुईवटा संविधानसभाका झण्डै सात वर्ष कार्यकालमा लोकतान्त्रिक गणतन्त्रको स्थापना गरिसकेको अवस्था एकातिर छ भने अर्कातिर नेपाली राजनीतिको शक्ति सन्तुलन र यथार्थताका आधारमा संघीय लोकतान्त्रिक गणतन्त्र, नेपालको प्रथम राष्ट्रपति, उपराष्ट्रपति, संविधान सभाका अध्यक्ष र प्रधानमन्त्रीसमेत चुनिसकेका छौं ।

नेपाली जनताले संविधानसभामार्फत नै केही अभ्यासहरू आरम्भ भइसकेका छन् । मुलकुरा त नयाँ संविधान निर्माण पूरा भएको छैन भने संविधानको गोरेटोमा नयाँ नेपाल बनाउने अभिभारा हामीसामू छ ।

ऐतिहासिक परिघटनाले जनमुखी संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्था मार्फत आमूल परिवर्तनतिर लैजाने सम्भावनाको ढोका खुलेको छ । संविधान निर्माणसँगै साढे सात दशक अघिदेखि जनताले गरेको संघर्षबाट प्राप्त उपलब्धि संस्थागत हुने अवस्था विद्यमान छ । तर, पछिल्लो समयमा विभिन्न समूह र समूदायका आन्दोलनले संविधान निर्माणलाई सहयोग होइन, बाधा पुग्ने देखिन्छ ।

नागरिकले आफ्ना अधिकार रक्षाका लागि शान्तिपूर्ण प्रदर्शन गर्न पाउने अधिकार ग्यारेन्टी गरे पनि बिषम परिस्थितिमा अधिकारको माग गर्दा सुझबुझता अपनाउनुपर्ने देखिन्छ । लोकतन्त्रको मूल्य, मान्यता, सिद्धान्तमा आधारित राजनीतिक पद्धतिबाटमात्रै आम जनताको जीवनस्तरमा सुधार ल्याउन सम्भव छ ।संविधान बन्नुअघि नै माग सबै पूरा गर्ने परिपाटी हावी भए त्यसले असहयोग सिर्जना गर्न सक्दछ ।

संविधान निर्माण प्रक्रियामा सार्वभौम संविधानसभालाई सघाउँदै देशमा दिगो शान्ति, राजनीतिक स्थायित्व र तीव्र गतिको आर्थिक विकासमा नागरिक र विभिन्न समुदायले सचेत हुनुपर्ने देखिएको छ ।

राजनीतिक दल, नागरिक समाज र आमनागरिकहरूले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माणको ऐतिहासिक जिम्मेवारी पूरा गर्न आ-आफ्नो स्थानबाट सहयोग गर्नैपर्दछ । संविधान निर्माणपछि पनि आवधिक निर्वाचन हुने नै छ । ती निर्वाचनमा संविधान संशोधनको एजेन्डालाई सँगसँगै अगाडि बढ्न पाउने अधिकारलाई प्रयोगमात्रै गरे पनि समयक्रममा राज्यले उचित माग सम्बोधन गर्ने नै छ ।

सँगसँगै आफ्नो अधिकारको प्रयोग गर्दा अर्काका अधिकार खोसिएका छन् कि छैनन् भन्नेबारे पनि सम्बन्धित समुदायले ख्याल गर्नुपर्छ । अन्यथा अधिकार माग गर्ने नाममा अर्को समुदायलाई पार्ने दीर्घकालिन असरबाट फेरि पनि स-साना माग र आन्दोलनले मुलुकको प्रगतिमा अवरोध पुग्ने छ ।




# संविधानपछिको राजनीतिक ध्रुवीकरण

## विचार



डम्बर खतिवडा

**‘संविधानपछि यति धेरै साना दल टिक्नै सक्दैनन् । भविष्यहीन कार्यमा कसैले समय, श्रम र पंसा लगानी गरेर बस्दैन । तसर्थ राष्ट्रिय विकल्पको निर्माण प्रयास गर्न अझ सजिलो हुनेछ । किनकि, च्याँखे थाप्ने दल र साँच्चै नयाँ एजेण्डाका लागि काम गर्नेबीचको अन्तर छुट्याउन मतदातालाई सजिलो हुनेछ ।’**

करिब एक दशक लामो संक्रमण, अन्योल र छट्पटीपश्चात संविधान बन्ने निश्चित भएको छ । बन्न लागेको नयाँ संविधान मन पर्नु र नपर्नु, देशका लागि उपयुक्त हुनु र नहुनु, जनसमुदाय र क्रान्तिका अपेक्षा पूरा हुनु र नहुनु, फरक कुरा हो । तर, कम्तीमा संविधान आउँदै छ । त्यसले संक्रमणको एक कालखण्डलाई पार गर्न मद्दत गर्नेछ । यो पंक्तिकार पनि आउँदै गरेको नयाँ संविधानप्रति व्यक्तिगत रूपमा खासै सन्तुष्ट छैन । केही दल संविधानको मस्यौदा च्यात्दै छन्, उनीहरूले संविधान जलाउनेछन् ।

लोकतन्त्रमा संविधान जलाउनु पनि संवैधानिक अधिकार नै हो । संविधानको विरोध, आलोचना र समीक्षा नै नहुने हो भने संविधान संशोधन, परिमार्जन र सुधारका पक्षमा जनमत निर्माण हुन सक्दैन । तसर्थ, राज्यले संविधान च्यात्ने वा जलाउनेलाई व्यवधान गर्नु हुँदैन । संविधान उनीहरूलाई मन परेन । विरोध गरून् । च्यातून्, जलाऊन्, त्यसमा के आपत्ति ? सबैलाई मनपर्ने संविधान त संसारको कुनै पनि देशमा, इतिहासको कुनै पनि कालखण्डमा बनेनन् र बन्दैनन् पनि । यी सबैका बाबजुद संविधान बन्नु सकारात्मक हो । किनकि अहिले हाम्रो राजनीतिक चेतनाको जुन स्तर छ, संविधानसभाको जुन संरचना छ, राजनीतिक दल र प्रवृत्तिको जुन शक्ति सन्तुलन छ, त्यो यस्तै संविधानका लागि उपयुक्त छ होला । जो, हामी फरक प्रकारको संविधान चाहन्थ्यौं, फरक प्रकारको राज्य प्रणाली र शासकीय स्वरूप चाहन्थ्यौं, फरक प्रकारको संघीयताको ढाँचा चाहन्थ्यौं, फरक प्रकारको लोकतन्त्रको परिभाषा र अभ्यास चाहन्थ्यौं तर चाहेर मात्र हुँदैनथ्यो । ती चाहनालाई अनुमोदन गर्ने वैधानिक प्रक्रिया पनि चाहिन्थ्यो । सोहीअनुरूपको जनमत र संविधानसभाभित्र प्रतिनिधिको संख्या पनि हुनुपर्थ्यो । सोहीअनुरूपको संख्या हुन निर्वाचन जितेको हुनुपर्थ्यो । जनताले जुन प्रकारका पार्टीलाई भोट दिए, यस्तै संविधान भए पनि हुन्छ भनेरै दिए होलान् । जनताले जतिखेरसम्म जस्तो राजनीतिक शक्तिलाई साथ दिन्छन्, त्यतिखेरसम्म त्यही प्रवृत्ति मुख्य हुन्छ, अनुमोदित हुन्छ । यसमा अरूले रिस, अहारिस गरेर हुँदैन । धैर्यपूर्वक नयाँ अभियान चलाउने र जनताको चिन्तन वा चेतनास्तरलाई फरक ढंगले विकास गर्न मद्दत गर्नेबाहेक हामी फरक विचार राख्नेहरूसँग अरू उपायै छैन । तसर्थ, संविधान बन्नु र संविधानको विरोध हुनु दुवै स्वाभाविक छ, आवश्यक छ ।

संविधान बन्नु यसकारणले आवश्यक छ कि त्यसले लम्बिँदो संक्रमणकाललाई निकास दिनेछ । संविधानको विरोध हुन यसर्थ आवश्यक छ कि त्यसले भविष्यका लागि नयाँ बाटा र गोरेटा सिफारिस गर्नेछ । नयाँ क्रान्तिका आधार तयार गर्नेछ । अहिलेको स्थितिमा संविधान निर्माणको कानुनी पक्षलाई चुनौती दिन सकिँदैन । त्यसै पनि कांग्रेस एमालेसहितको सत्तापक्षसँग संविधानसभामा दुईतिहाइ मत थियो । त्यसमा तेस्रो ठूलो दल एमाओवादी र उसको ३० दलीय मोर्चामा रहेका कैयौं साना दल पनि थपिएपछि संविधानसभाको भारी संख्याले सोह्रबुँदे सहमतिलाई अनुमोदन गर्दै छ र त्यसले संविधानको रूप लिँदै छ भन्ने प्रस्ट छ । कसैलाई मन परे पनि, नपरे पनि यो एउटा यथार्थ हो । तसर्थ, संविधान आउँने प्रक्रियालाई अब कसैले रोक्दैन र रोक्न पनि हुँदैन । रोक्ने प्रयास रोक्न चाहनेहरूकै लागि प्रत्युत्पादक हुन सक्छ । लोकतन्त्रमा विश्वास गर्नेहरूले निश्चित पद्धति र प्रक्रियालाई क्रियाशील हुन दिनैपर्छ, त्यो आफ्नो अनुकूल होस् वा नहोस् । तसर्थ, राप्रपा नेपाल, संघीय समाजवादी फोरम, सद्भावना, तमलोपालगायत दलले गर्ने प्रयास सोह्रबुँदे सम्झौतामा आधारित संविधान बन्ने प्रक्रियालाई रोक्न असमर्थ हुनेछ । राजनीति कुनै एउटा बिन्दु, एउटा खास परिस्थितिमा सँधै स्थिर हुँदैन । संविधानको घोषणापछि झन् धेरै सम्भावना प्रकट हुनेछन् । संविधानका कैयौं बुँदालाई समर्थन गरेर जाने र त्यसलाई परिमार्जन, सुधार वा संशोधन गर्नुपर्ने दुईवटा मत स्वभाविक रूपमा देखा पर्नेछ । यसैका आधारमा नयाँ ध्रुवीकरण प्रारम्भ हुनेछ । स्वभाविक रूपमा कांग्रेस-एमालेको ठूलो हिस्सा संविधानपछि उत्साहित हुनेछ । त्यसलाई जस्ताको त्यस्तै कार्यान्वयन गर्ने पक्षमा उनीहरु देखिनेछन् । कांग्रेस-एमाले अन्ततः लोकतन्त्रको उदार मोडेल, लिबरल डेमोक्रेसीको पक्षमा अन्तिमसम्म पनि उभिएका छन् । त्यो उनीहरूको लोकतन्त्रप्रतिको बुझाइको स्तर बनेको छ । लोकतन्त्र र संसदबादबीच भेद गर्न उनीहरूको ज्ञान, चेतना र अन्तर्प्रज्ञा असमर्थ भएको छ । तसर्थ, संविधान निर्माणपछि एउटा बलियो ध्रुव ‘लिबरल डेमोक्रेट्स’ हरूको हुनेछ । सिद्धान्ततः प्रजातान्त्रिक समाजवादी र कम्युनिस्ट भनिने कांग्रेस-एमाले व्यवहारतः ‘वेस्टमिन्स्टर्स प्रणाली’ का समर्थकका रूपमा भावी राजनीतिमा रहनेछन् । तर, यहाँनेर बिर्सन नहुने कुरा के छ भने कांग्रेस-एमालेभित्र पनि क्रान्तिकारीको एउटा संख्या छ । ती संस्थाको लोकतान्त्रिकरण र संविधानपछिको ध्रुविकरणमा उनीहरूको पनि भूमिका हुनेछ ।

संविधानपछि एमाओवादीको भूमिका अझै संकटग्रस्त हुने सम्भावना छ । त्यसका केही अन्तर्निहित कारण छन् । सोह्रबुँदेसँगै माओवादी दलहरूको गठबन्धन टुटेको छ । फलतः संविधानपछि माओवादी पार्टीको एकता र सांगठनिक सबलता सम्भव हुनेछैन । नीतिगत हिसाबले कमजोर र यथास्थितिवादी भएर पनि कांग्रेस-एमाले बलियो संगठन भएका दल हुन् । आफ्नो संगठनलाई अधिकतम उपयोग गरेर जनमतको ठूलो हिस्सालाई उनीहरूले आफैसँग राख्नेछन् । तर, माओवादी पार्टीको एकताको अभावमा एमाओवादीसँग त्यतिकै बलियो संगठन हुनेछैन, तसर्थ उसले आफ्ना फरक मतको महत्व सजिलै जनस्तरमा स्थापित गर्न सक्नेछैन । अरू माओवादी समूह, जनजाति र मधेसी दलहरूले लगाउने आरोपले समेत एमाओवादीलाई पिरोल्नेछ । अन्यथा ठानिन्न भने संविधानपछि एमाओवादी दलको स्थिति निकै कमजोर हुने सम्भावना छ । जनजाति र सीमान्तकृत समुदायले पनि खासै उसलाई विश्वास गर्नेछैन । ‘ नयाँ संविधानसँगै नयाँ शक्ति’ को नारा दिँदै आएका डा. बाबुराम भट्टराईको बौद्धिक तर्क र व्यावहारिक राजनीतिबीचको अन्तर्विरोधले पनि अन्तिम निकास पाउनेछ । संविधानपछि डा. भट्टराई या त कुनै नयाँ ‘लेफ्ट-डेमोक्याट्रिक’, नववामपन्थी पार्टी गठन गर्न तयार हुनुपर्नेछ । अन्यथा, उनको सोच र व्यक्तित्वले कुनै रचनात्मक आकार प्राप्त गर्नेछैन । यतिका धेरै कम्युनिस्ट र माओवादी समूहबीच अर्को कम्युनिस्ट पार्टीका लागि कुनै स्पेस उपलब्ध छैन । मोहन वैद्य, कमरेड विप्लव, मातृका यादव आदिले नेतृत्व गरेका माओवादी समूह न त जनविद्रोह, न त जनयुद्ध न त निर्वाचनको उपयोग, कुनै प्रस्ट कार्यनीति अवलम्बन गर्न नसकेर आफै कमजोर हुनेछन् । बिस्तार-बिस्तारै मोहनविक्रम सिंह नेतृत्वको नेकपा (मसाल) जस्तै असान्दर्भिक हुँदै जानेछन् । नयाँ जनवादी क्रान्तिको कार्यक्रम र कार्यनीति सायद नेपालका हकमा असान्दर्भिक भइसकेको छ । साना कम्युनिस्ट घटक भने आ-आफ्ना विचार सुहाउँदो ठूलो कम्युनिस्ट समूहमा बिलय भएको राम्रो हो । सिपी मैनालीको माले वा नेकपा संयुक्त जस्ता दल एमालेमा जान किन हिच्किचाउनु पर्‍यो अब ? संविधानसँगै जनजाति र मधेसी पृष्ठभूमिका दलहरूले नयाँ राजनीतिक ध्रुविकरणको प्रयास गर्नेछन् । त्यसको संकेत अशोक राई-उपेन्द्र यादवको एकताले दिइसकेको छ । नेपाली राजनीतिमा यो एकदमै नयाँ प्रयोग हो । नेपालका त्रिसमुदाय (खसआर्य, मंगोल जनजाति र मधेसी) मध्ये खसआर्य नेतृत्व सँधै बाँकी दुवै समुदायको नजिक रहँदै आएको थियो । जनजाति र मधेसी नेतृत्वले एकअर्कामा गहिरो संगत र अन्तर्क्रिया गर्न पाइरहेका थिएनन् । त्यसको फाइदा खसआर्य समुदायको नेतृत्वलाई हुँदै आएको थियो । तर, यो नयाँ प्रयोग भएकाले कति दिगो हुन्छ भन्न सकिन्न । एकतापछि हुने पार्टी संगठनभित्रका स्वार्थ र अन्तर्विरोध हल गर्न उपेन्द्र-अशोक दुवैलाई सजिलो हुनेछैन । कुनै पश्चातापपूर्ण नतिजामा पुगेर उनीहरु फेरि फुट्न पनि सक्छन् । संघीयताको कार्यान्वयनसँगै त्यसको महत्व नागरिकले अझ बढी अनुभूत गर्नेछन् र पुनर्विभाजनको आन्दोलन प्रारम्भ हुनेछ । संघीयताविरोधी झनै कमजोर हुनेछन् । वस्तुतः संघीयताको विरोधमा देखिएका जनमोर्चा नेपाल वा राप्रपा नेपालजस्ता दल संविधानपछि खासै शक्तिशाली हुन सक्ने छैनन् । आउँदो चुनावसम्म पुग्दा नपुग्दै राप्रपा नेपालको जनमत आधाभन्दा धेरैले घट्ने छ । अन्ततः राप्रपाका सबै समूह एक हुने र पूर्वपञ्चको पार्टीका रूपमा सीमित हुनेबाहेक उनीहरु खासै शक्तिशाली भएर आउने देखिदैन । तर, त्यसका लागि ‘धर्म निरपेक्षता’ को अन्त्य र ‘धार्मिक स्वतन्त्रता’ को प्रत्याभूति हुन जरूरी छ । मधेसी दलहरूको ध्रुविकरण कसरी हुन्छ, त्यो अर्को रोचक पक्ष हो । सोह्रबुँदे सहमतिका हस्ताक्षरकर्ता विजय गच्छदार मधेस आन्दोलन र राजनीतिमा खासै प्रिय व्यक्तित्व होइनन् । मधेसमा बहुप्रदेशको पैरवी गरेबापत उनीप्रति पहाडी समुदायले सहानुभूति राख्छ तर राजनीतिक रूपमा साथ दिन सक्दैन । फोरम, सद्भावना र तमलोपाजस्ता दल उनीसँग चिढिदै जानेछन् । गच्छदारप्रति सहानुभूति पनि राख्ने, साथ दिन पनि सक्ने समुदाय भनेको थारु समुदाय नै हो । गत संविधानसभा निर्वाचनमा पनि उनका उम्मेदवारले थारु बहुल क्षेत्रबाट मात्र जितेका थिए । थारु समुदायको समर्थनमा एउटा सानो क्षेत्रीय दलको भूमिकामा सीमित हुनु नै फोरम लोकतान्त्रिकको भविष्य हो । अन्यथा लिइँदैन भने विजय र उनका समर्थकले कांग्रेसमै फर्किन पनि लाज मान्नुपर्ने कारण देखिन्न । संघीय समाजवादी पार्टीसँगको एकतासँगै उपेन्द्र यादवले बृहत् राष्ट्रिय दलको नेता हुने महत्वाकांक्षा देखाएका छन् । यदि त्यसो हो भने शुद्ध मधेसवादी दलको स्पेस सद्भावना र तमलोपामध्ये कसले लिन्छ अहिल्यै भन्न सकिन्न । यदि राजनीतिक पूर्वाग्रह र ससाना स्वार्थबाट माथि उठ्ने हो भने उपेन्द्र र गच्छदारको समूहपछि एउटाभन्दा बढी मधेसवादी पार्टी आवश्यक नै देखिन्न । बाँकी सबै मधेसवादी दलले बृहत्तर एकता गर्नु र एउटा बलियो मधेसकेन्द्रित दलको आधार तयार गर्नुमै उनीहरूको भविष्य देखिन्छ । अन्त्यमा बाँकी रहन्छन्, नयाँ शक्तिको बहस र प्रयास गर्दै आएका अनेक साना दल र बुद्धिजीवी । समानुपातिक सिट संख्यामा उल्लेखनीय कटौतीपछि, थ्रेसहोल्डको समेत व्यवस्था हुने सम्भावनाबीच, समानुपातिक सिटमा च्याँखे थाप्ने हिसाबले खोलिएका दलहरु पनि बाँकी रहने छैनन् । संविधानपछि यति धेरै साना दल टिक्नै सक्दैनन् । भविष्यहीन कार्यमा कसैले समय, श्रम र पंसा लगानी गरेर बस्दैन । तसर्थ राष्ट्रिय विकल्पको निर्माण प्रयास गर्न अझ सजिलो हुनेछ । किनकि, च्याँखे थाप्ने दल र साँच्चै नयाँ एजेण्डाका लागि काम गर्नेबीचको अन्तर छुट्याउन मतदातालाई सजिलो हुनेछ । ‘र्‍याडिकल डेमोक्रेसी’मा विश्वास गर्ने एउटा गैरकम्युनिस्ट नववामपन्थी पार्टी नेपालको आवश्यकता भने अझै देखिन्छ ।

# गर्मीका कारण अस्पताल भर्ना हुनेको संख्याले रेकर्ड तोड्यो

❑ नेस संवाददाता

टोकियो - गत एक सातामा अत्यधिक गर्मीका कारण ११ हजार ६ सय ७२ जनालाई अस्पताल भर्ना गर्नु परेपछि यो संख्याले अहिलेसम्मकै नयां रेकर्ड राखेको जनाईएको छ ।

जापानको बारूण तथा विपद व्यवस्थापन एजेन्सीले जनाए अनुसार गत जुलाई २७ देखि अगस्त २ तारिख सम्मको अवधीमा अत्याधिक गर्मीका कारण धेरै मानिसहरू अस्वस्थ भई अस्पताल भर्ना भएका थिए । एक सातामै १० हजार भन्दा बढि मानिसहरू गर्मीका कारण अस्पताल भर्ना भएको पहिलो पटक भएको एजेन्सीले जनाएको छ । जसमध्ये टोकियोमा सबैभन्दा बढि रहेको र सो संख्या १ हजार ९५ जना रहेको फुजी टेलिभिजनले जनाएको छ ।

त्यसैगरी आइची प्रिफेक्चरमा दोश्रो ठूलो संख्याका मानिसहरू गर्मीका कारण बिरामी भई अस्पताल भर्ना भएका छ । उक्त संख्या ९ सय ८९ जना रहेको छ । सो क्षेत्रमा गत सातामात्र ३ जनाले अत्याधिक गर्मीका कारण ज्यान गुमाएका छन । यो संख्या संगै यो बर्ष मात्र गर्मीका कारण मृत्यु हुनेको संख्या २५ जना पुगेको जापान टुडेले जनाएको छ । जापानको बिभिन्न भागमा यो साता भरिनै ३५ डिग्री माथीको तापक्रम रहेको छ । यति लामो समयसम्म अत्याधिक तापक्रम रहेको पनि पहिलोपटक भएको जापानी मौसम बिभागले जनाएको छ । बढ्दो गर्मीलाई ध्यान दिंदै प्रशस्त मात्रामा पानी पिई शरिरलाई सुख्खा हुनबाट बचाउन यहांको स्वास्थ्य मन्त्रालयले सर्बसाधारणमा आह्वान गरेको छ । स्मरण रहोस, गत बर्ष पनि मे देखि सेप्टेम्बर महिनाको अवधीमा ५० हजार भन्दा बढि मानिसहरू गर्मीका कारण स्वास्थ्यमा समस्या आई अस्पताल भर्ना भएका थिए ।

# बैसरीका पहिरो पीडितलाई जापानबाट आर्थिक सहयोग

❑ नेस संवाददाता

टोकियो- म्याग्दीको राहुपारेमा बस्दै आएका बैसरीका पहिरो पीडितहरूका लागि म्याग्दी सञ्जाल जापानले २ लाख रूपैंया आर्थिक सहयोग हस्तान्तरण गरेको छ ।

सदरमुकाम बेनीबजारमा हालै एक कार्यक्रमका बीच उक्त रकम हस्तान्तरण गरिएको हो । कार्यक्रमका बिच प्रमुख अतिथि सहायक प्रमुख जिल्ला अधिकारी यामबहादुर चोखाल, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य प्रमोद श्रेष्ठ, म्याग्दी उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष उत्तम कर्माचार्य, समाजसेवी लिलाबहादुर बानियाँ लगायतको उपस्थितिमा पहिरो पीडित राहत व्यवस्थापन समितिका अध्यक्ष भिमबहादुर कार्कीलाई हस्तान्तरण गरिएको हो । पहिरोबाट बैंसरीमा क्षति भएलगत्तै जापानमा रहेका म्याग्देलीको संस्था म्याग्देली सञ्जालले राहत संकलन अभियान सञ्चालन गरेको थियो । 'बैंसरीमा पहाड खस्दा जापानमा रहेका म्याग्देलीहरू रातभर निदाएनौ । बैसरीबासीको बिपदमा के गर्न सकिएला भन्ने सल्लाहमा तत्काल जुट्यौ, थोरै भएपनि सहयोग गर्न पाएकोमा सन्तोष लागेको छ - सञ्जालका अध्यक्ष खड्काले नेपाली समाचारलाई भन्नुभयो । आर्थिक सहयोग जुटाउन ब्यवसायीहरू प्रवेशकुमार राजभण्डारी, प्रकाश तुलाचन, दिपक कार्की लगायतका म्याग्देलीहरूले मन फुकाएर सहयोग सहयोग गर्नुभएको थियो ।

यसअघि म्याग्दीको प्रसिद्ध धार्मिकस्थल गलेश्वरधाममा निर्माण गरिएको बृद्धाश्रम हातामा भोजनगृह निर्माण गर्न सञ्जालले १८ लाख ७४ हजार ९ सय ४१ येन सहयोग गरेको थियो । म्याग्देलीहरूलाई एकत्रित गर्दै जिल्लाको समुचित विकासमा प्रवासबाट खेल्न सकिने भूमिकालाई थप प्रभावकारी बनाउन म्याग्देली सञ्जाल जापान क्रियाशील रहेको सञ्जालका वरिष्ठ उपाध्यक्ष महेन्द्र वानियाले बताउनुभयो ।

म्याग्दीको सदरमुकामा बेनीबजारमा भएको सहयोग हस्तान्तरण कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य प्रमोद श्रेष्ठले जापानमा रहेका म्याग्देलीहरूले जिल्लाको विभिन्न क्षेत्रमा पुऱ्याउँदै आएको सहयोगको सह्राना गर्नुभयो । त्यस्तै ओमकुमारी शान्ति कोषका संस्थापक अध्यक्ष चन्द्रकुमार केसीले आर्थिक अवस्था कमजोर भएका र प्राकृतिक विपत्तिमा जापानबाट भएको सहयोग प्रति अभार प्रकट गर्नुभएको थियो ।

गत जेठ १० गते राम्चे ९ काफलडाँडाको पहाडबाट खसेको पहिरोले बस्ती पुरीएपछि बैसरीका २६ घरपरिवार विस्थापित भएका थिए ।

# सुनाकली जापान आउने



❑ पूर्ण चलाउने

टोकियो - विकट हिमाली जिल्ला मुगुका चेलीहरूको फुटबल आकर्षणको बिषयमा बनाइएको चर्चित वृत्तचित्र (डकुमेन्ट्री) सुनाकली जापानमा पनि प्रदर्शन गरिने भएको छ । पत्रकार भोजराज भाटद्वारा निर्देशित उक्त वृतचित्र यही अगस्त महिनाको १७ तारिख सोमबार र १८ तारिख मंगलबारका दिन सिनओकुबो स्थित के स्टेज ओ हलको फिल्म फेस्टिबलमा प्रदर्शन हुने भएको हो ।

प्रकाश थापाको संयोजनमा वृतचित्र सोमबार १७ बजे देखि १७:५५ र मंगलबार १४ बजे देखि १४: ५० बजे सम्म प्रदर्शन हुनेछ । वृतचित्र अवधिभर निर्देशक भाट जापानमा रहनुहुने जनाइएको छ । सुनाकली वृतचित्रका लागि अहिले धमाधम टिकट बिक्री पनि भइरहेको संयोजक थापाले बताएका छन् । बिकट हिमाली जिल्लाका चेलीहरूको कथा समेटिएका कारण पनि जापानमा रहेका सबै नेपालीलाई वृत्तचित्र हेर्न आह्वान गरिएको छ ।

सुनाकली केही समय अघि पाकिस्तानमा भएको फिल्म फेस्टिबलमा सर्बोत्कृष्ट अवार्ड जितेको चर्चित वृत्तचित्र हो । उक्त फेस्टिबलमा ८० देशका करिब पाँचसय चलचित्र सहभागी थिए । सात वटा भाषामा अनुवाद गरिएको वृत्तचित्र सुनाकलीले स्लोभानियामा जुरी अवार्ड र टोरान्टोमा अडियन्स च्वाइस अवार्ड प्राप्त गर्नुका साथै यो वर्ष १२ वटा अन्तरराष्ट्रिय फिल्म फेस्टिबल प्रदर्शनीमा छनौट पनि भएको छ ।

अमेरिकामा अगस्तको अन्त्यतिर दुइटा फिल्म फेस्टिबलमा प्रदर्शनी हुने निर्देशक भाटले बताएका छन् । निर्देशकका अनुसार सुनाकलीबाट प्राप्त रकम मुगु जिल्लामा फुटबल स्टेडियम र छात्रावास निर्माणमा प्रयोग हुनेछ । मुगुकी १३ बर्षीया सुनाकली बुढालाई मुख्य पात्र बनाइएको यो वृतचित्र 'भौगोलिक विकटतामा हुर्किरहेका चेलीहरूको कथा हो, जहाँ संघर्ष छ र संग संगै प्रतिभा पनि छ ।

# गुल्मेली समाज जापानको नेतृत्वमा भण्डारी

❑ नेस संवाददाता

टोकियो - शालिकराम भण्डारीको नेतृत्व चयन गर्दै गुल्मेली समाज जापानको तेस्रो अधिवेशन हालै टोकियोमा सम्पन्न भएको छ ।

अधिवेशनले समाजको कार्यप्रगति प्रतिवेदन र आर्थिक प्रतिवेदन पारित गर्नुका साथै विधानमा सामान्य संशोधन पनि गरेको छ । अधिवेशन समारोहमा प्रमुख अतिथिको आसनबाट बोल्दै जापानका लागि नेपाली राजदूत डा. मदनकुमार भट्टराईले नयाँ कार्यसमितिलाई बधाई दिनुका साथै सफल कार्यकालको शुभकामना पनि ब्यक्त गर्नुभएको थियो । अधिवेशनले आगामी दुई वर्षे कार्यकालका लागि पूर्व अध्यक्ष भण्डारीको अध्यक्षतामा २१ सदस्यीय नयाँ कार्यसमिति गठन गरेको छ । ४ जना सदस्य पछि थप्ने गरी गठित समितिको उपाध्यक्षत्रयमा लक्ष्मण अर्याल, ध्रुव बस्नेत र तुलसी खरेल, महासचिवमा महेन्द्रकुमार अधिकारी, सचिवमा सुमन अर्याल र कोषाध्यक्षमा दयाराम खरेल, सहकोषाध्यक्षमा चेतन अर्याल चयन हुनुभएको छ ।

यसैगरी सदस्यहरूमा कृष्णप्रसाद पोखरेल, कृष्ण न्यौपाने, उमेश गिरी, बाबुराम भुसाल, रामप्रसाद ढकाल, गोविन्द अर्याल, गोकुल खरेल, विष्णु न्यौपाने, मञ्जु घिमिरे, रमा खरेल सापकोटा, दिपा घिमिरे, गोपाल सापकोटा र विष्णु अर्याल रहनुभएको छ ।

समाजका अध्यक्ष यमलाल ढकाल (राजु) को सभापतित्वमा भएको अधिवेशन समारोहलाई सचिव महेन्द्र अधिकारीले स्वागत गर्नुभएको थियो भने विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले शुभकामना मन्तब्य राखेका थिए ।


के नेपालमा पैसा पठाउँदै हुनुहुन्छ ?
CITY EXPRESS MONEY TRANSFER | SBI Remit
FREE
सित्तैमा
पैसा पठाउन सकिने
- पहिलोचोटी नेपाल पैसा पठाउँदा सित्तैमा
(पुराना ग्राहकहरूको हकमा २०१४ सेप्टेम्बर ३० तारिखसम्म हाम्रो सेवा लिनु भई त्यसपछि हाम्रो सेवा उपयोग नगर्नु भएका ग्राहकबर्गमा पनि यो सेवा लागू हुनेछ ।)
- ४ पटक नेपाल पैसा पठाएमा ५ औं पटक सित्तैमा
- यो सेवा २०१५ मार्च ५ तारिखदेखि लागू हुनेछ
दरभाउ बुझ्नका लागि: 080-3842-9995 (Softbank)
सस्तो, छिटो, भरपर्दो र बिना झन्झटिलो माध्यमबाट नेपालमा पैसा पठाउनका लागि
CITY EXPRESS MONEY TRANSFER JAPAN Co. Ltd.
〒169-0073 Tokyo, Shinjuku-Ku, Hyakunin-Cho 2-10-9, Shin-Okubo Initial House 2F
Tel.: 03-5925-4121, Fax: 03-5925-4122
Email: japan@ctxpress.co.jp, Web: www.cityremit.com
नेपाली भाषामा विस्तृत जानकारीको लागि: 090-6452-8932 (SB), 080-4659-1860 (SB)


# जनप्रगतिशिल मोर्चाद्वारा विद्यालय निर्माणमा सहयोग

टोकियो - नेपाली जनप्रगतिशिल मोर्चा जापानले नुवाकोटको तुप्चेमा रहेको पायोनियर अंग्रेजी आवासीय माध्यमिक विद्यालयलाई आर्थिक सहयोग गरेको छ । महाभूकम्पका कारण पूर्णरूपमा क्षति पुगेको सो विद्यालयलाई मोर्चाले भवन निर्माणार्थ ३ लाख ५६ हजार ५ सय रूपैंया आर्थिक सहयोग गरेको हो ।

मोर्चाका अध्यक्ष अरूणकुमार श्रेष्ठले विद्यालय व्यवस्थापन समितिलाई उक्त रकम हस्तान्तरण गर्नुभएको हो । अध्यक्ष श्रेष्ठले कार्यक्रममा सो रकम विद्यालयको ७ कोठाको स्थायी भवन निर्माणका लागि प्रदान गरिएको बताउनुभयो ।

उहाँले पिस वेव नेपालले पनि उक्त सहयोग रकममा एक लाख रूपैंया थप गरेको जानाकारी गराउनुभएको थियो । अध्यक्ष श्रेष्ठ पिस वेव नेपालका अन्तर्राष्ट्रिय निर्देशक हुनुहुन्छ ।



Restaurant Table
NEW ¥12,800～
USED ¥9,800～

Restaurant Table
NEW ¥10,800～
USED ¥8,500～
रेष्टुरेन्टका पुराना सामानहरू बेच्नु परेमा हामीलाई सम्झनुहोस्
- नि:शुल्क लेखाजोखा गरिने
- ठुला साइजका फोहोरहरुको व्यवस्थापन गरिने
- काम नलाग्ने सामानहरुको व्यवस्थापन गरिने
- प्रयोग गरिएका किचेनका सामानहरु उच्च मुल्यमा खरिद गरिने
तपाईको रेष्टुरेन्टमा आवश्यक पर्ने गुणस्तरीय सामानहरुका लागि हामीलाई सम्झनुहोस ।
टोकियो, कानागावा, चिबा र साइतामा क्षेत्रहरुमा निःशुल्क डेलिभरीको व्यवस्था छ ।
Bank Detail :
Mitsui Sumitomo Bank
Sugamo Branch
Account No. : 7330894
Account Name :
コクリュウショウジユウゲンカイシャ
Contact:
Kokuryu Shoji Co. Ltd.
SY Mansion 402, Sugamo 1-18-8, Toshima-Ku, Tokyo
(यामानोते लाईन सुगामो स्टेशन मिनामी गुचीबाट १ मिनेटको दुरीमा)
Tel : 03-6912-1859,
Fax : 03-6912-1020
Mobile : 080-3700-9888(SB),
080-3086-6213(SB)



# भूकम्पपीडितलाई प्याड टोक्नु न बोक्नु

❑ नेस संवाददाता

भक्तपुर- राहतमा चामलको आशा गरेर शिविरमा बसेका भक्तपुरका ज्येष्ठ नागरिक र पुरूष भूकम्पपीडितलाई दाताले महिनावारी हुँदा प्रयोग हुने स्यानेटरी प्याड बाँडेपछि टोक्नु न बोक्नु भएको छ ।

भूकम्पपीडितको शिविरमा राहत बाँड्न आएको युनिसेफले भक्तपुरको दूधपाटी नजिकै रहेको नःपुखुको किनारामा शिविर बनाएर बसेका वृद्ध महिला र पुरूषलाई स्यानेटरी प्याड बाँडेपछि यस्तो स्थिति आएको हो । शिविरमा रहेकी ७८ वर्षकी शान्ता श्रेष्ठले राहतका नाममा आउने यस्ता सामानको सट्टा खानेकुरा र लाउने कुरा ल्याइदिएको भए हुन्थ्यो भन्नुभयो । श्रेष्ठले भन्नुभयो- 'हामीलाई राहत सामाग्रीमा आउने यस्ता सामान के काम ? बरू पछ्यौरा, ओढ्ने, ओछ्याउने र खानेकुरा ल्याइदिए सजिलो हुन्थ्यो ।' युनिसेफले साबुन, ब्रस, मञ्जन, रूमाल, काँइयो र स्यानेटरी प्याड दिएपछि शिविरका ज्येष्ठ नागरिक र पुरूषले असन्तुष्टी जनाएका हुन् ।

शिविरमै रहेकी ७० वर्षकी विष्णुदेवी ब्याञ्जुले शिविरमा खानेकुरा ल्याइदिए प्रभावकारी हुने बताउनुभयो । उहाँले भन्नुभयो- 'मनमा धेरै पीर छ, खुसी कतै छैन, दिनभरि शिविरमा बस्दा के खाउँ के खाउँ लाग्छ, बरू खानेकुरा ल्याएदिए खान पाइन्थ्यो ।' शिविरमा बस्दै आएकी ६७ वर्षकी पदमसुन्दरी बाटीको गुनासो पनि उस्तै छ । जस्ताको शिविरमा छानो प्वाल परेकाले राति चिसो भएर जाडो हुने बताउँदै उहाँले बरू जाडोमा ओढ्ने सामान दिएको भए प्रयोग हुनेथियो भन्नुभयो ।

शिविरमा बाँडेको राहत सामानमा खानेकुरा नभएको गुनासो गर्दै ७० वर्षकी दीपमाया टुकबन्जाले स्यानेटरी प्याडको सट्टामा पाउरोटी दिएको भए उपयुक्त हुने बताउनुभयो । सत्तरी वर्षकै जगतमाया पक्काले पछिल्लो समयमा राहत बाड्नेले खानेकुरा नदिई अनावश्यक सामान दिंदा राहतको आशै मर्न थालेको दुखेसो गर्नुभयो ।

युनिसेफले भूकम्पपीडितको शिविरमा गएर महिला ज्येष्ठ नागरिकलाई मात्रै होइन पुरूषलाई पनि स्यानेटरी प्याड बाँडेको छ । नःपुखुस्थित भूकम्पपीडितको शिविरमा बसेका ३२ वर्षका अपाङ्ग मनोज दुवालले स्यानेटरी प्याड पाएपछि दिक्क मानेका छन् । उनलाई कुनै पनि काममा प्रयोग नहुने प्याड पाउने बित्तिकै चाहिंदैन भन्दै पन्छाइदिएका थिए ।

दुवाल मात्रै होइन भक्तपुरका धेरै शिविरमा बस्ने पुरूषले पनि यस प्रकारको स्यानेटरी प्याड पाएपछि राहत के हो भनेर बुझेपछि मात्रै राहत लिने गरेका छन् । भूकम्पपीडितको आवश्यकताको पहिचान नगरी दिइने यस्ता राहत सामग्रीले उनीहरूलाई राहत नभई आहत बनाएको छ । राहत बाँड्ने कुनै पनि निकायले पीडितको आवश्यकतालाई पहिचान गरेर सोहीअनुसारको राहत बाँड्न सकेमात्रै प्रयोग र प्रभावकारिता बढ्ने भूकम्पपीडित नै बताउँछन् ।

# सर्वोच्चले सभासद् साहलाई छाड्न मानेन

❑ नेस संवाददाता



काठमाडौं- सर्वोच्च अदालतले जनकपुर बम काण्डका अभियुक्त धनुषा क्षेत्र नम्बर ४ बाट संविधानसभाको सदस्यमा निर्वाचित भएका सञ्जय साहलाई रिहा गर्न अस्वीकार गरेको छ ।

प्रधानन्यायाधीश कल्याण श्रेष्ठ र न्यायाधीश ओमप्रकाश मिश्रको संयुक्त इजलासले सो बम काण्डमा प्रारम्भिक रूपमा दोषी देखिएको भन्दै साहलाई रिहा गर्न अस्वीकार गरेको हो । विसं २०६९ वैशाख १८ गते जनकपुरमा पाँच जनाको ज्यान जाने गरी भएको बम काण्डमा दोषी देखिएको भन्दै प्रहरीले संविधानसभाका सदस्य साहलाई पक्राउ गरेको थियो । आफू निर्दोष भएको भन्दै धनुषा जिल्ला अदालतमा साहले आफूलाई रिहा गर्न माग गरेका थिए ।

धनुषा जिल्ला अदालतले रिहा गर्न अस्वीकार गरेपछि साहले पुनरावेदन अदालत जनकपुरमा निवेदन दिएको थिए । सो अदालतले पनि धनुषा जिल्ला अदालतकै आदेशलाई सदर गरी रिहा गर्न अस्वीकार गरेको थियो । पुनरावेदनले पनि रिहा गर्न अस्वीकार गरेपछि साहबाट आफू निर्दोष भएको दाबी गर्दै सर्वोच्च अदालतमा निवेदन दिएका थिए ।

# तामाकोसी जलविद्युत् आयोजना संकटमा



❑ नेस संवाददाता

काठमाडौं - स्वदेशी लगानीमा निर्माण भइरहेको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनामा भूकम्पबाट क्षति र त्यसपछि लगातार झरेका पहिराको आयोजना थप संकटमा फसेको छ ।

भूकम्पबाट क्षति र पहिराका कारण काम गर्न नसकेपछि आयोजनाका कर्मचारी, ठेकेदार कम्पनी र मजदुरले यसअघि नै आयोजनास्थल छाडेर फर्केका छन् । आयोजनाका चारवटै विदेशी ठेकेदार कम्पनीले आफ्ना कामदार स्वदेश फर्काएपछि आयोजनास्थल यतिबेला सुनसान भएको छ ।

भूकम्पले आयोजनाका आठवटा भवन भत्काइदिएको छ । भूकम्पपछिको पहिरोमा आयोजनास्थलको सुरक्षार्थ खटिएको सैनिक शिविर पुरिनाका साथै शिविरको गोदाममा भण्डारण गरिएको एक हजार २०० केजी विस्फोटक पदार्थ पहिरोबाट क्षतिसमेत भएको थियो । सडक मार्गका कतिपय भाग निमिट्यान्न हुने गरी ध्वस्त भएका छन् ।

आयोजना कार्यालयको आसपासका सडक तामाकोसी नदीले कटान गरिरहेको आयोजनाका प्रवक्ता डा. गणेश न्यौपानेले बताउनुभयो । उहाँका अनुसार आयोजना कार्यालय आसपासमा अहिले पनि स-साना पहिरो चलिरहेको छ ।

भूकम्प र त्यसपछिको पहिराका कारण ठेकेदारहरूले कार्यस्थल छाडेपछि आयोजनामा तीन महिनादेखि काम ठप्प भएको छ । आयोजना कम्पनीले समेत आफ्ना कर्मचारीलाई राजधानीस्थित ज्ञानेश्वरमा रहेको कार्यालयमा केन्द्रीकृत गरेको छ ।

# क्रियाशील सदस्यता मिलाउँदै कांग्रेस

❑ नेस संवाददाता

काठमाडौं - महाधिवेशनको संघारमा रहेको नेपाली कांग्रेसको क्रियाशील सदस्यता छानबिन अन्तिम चरणमा पुगेको छ । संस्थापन पक्ष र शेरबहादुर देउवा समूहबीच देशभर क्रियाशील सदस्यता विवाद छ ।

तेह्रौं महाधिवेशनको तयारीका लागि देशभर क्रियाशील सदस्यता वितरण गरिएकोमा केही जिल्लामा विवाद भएपछि सदस्यता छानबिन गर्न पार्टीले केन्द्रीय सदस्य नरहरि आचार्यको संयोजकत्वमा रमेश लेखक र रामकृष्ण यादव सदस्य रहनुभएको केन्द्रीय क्रियाशील सदस्यता छानबिन समिति गठन गरेको थियो । समितिले सदस्यता सम्बन्धमा देखिएका विवादबारे विभिन्न चरणमा छलफल गरी त्यसलाई अन्तिम निष्कर्षमा पुऱ्याउन लागिएको छानबिन समितिका सदस्य रामकृष्ण यादवले जानकारी दिनुभयो । 'छानबिनको क्रम अन्तिम चरणमा छ । दुई/चार दिनमै यसको टुङ्गो लाग्छ । यस पटक क्रियाशील सदस्यको सङ्ख्या लगभग पाँच लाख ५० हजार पुग्न सक्छ,' उहाँले भन्नुभयो ।

पछिल्लो समयसम्म पनि सिराहा, सप्तरी, पर्सा, रौतहटलगायत जिल्लामा क्रियाशील सदस्यताको विवाद कायम रहेको थियो । पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव ऋषिकेश तिवारीका अनुसार बाह्रौं महाधिवेशनमा कांग्रेसको क्रियाशील सदस्यको सङ्ख्या तीन लाख १७ हजार रहेको थियो ।

# 'पावरप्वाइन्ट वर्ल्ड च्याम्पियनसीप'मा नेपाली बालक

❑ नेस संवाददाता

काठमाडौं - कक्षा १० मा अध्ययनरत आरम्भ निरौलाले अमेरिकाको टेक्सासमा हुने 'माइक्रोसफ्ट पावरप्वाइन्ट वर्ल्ड च्याम्पियनसीप' मा नेपालबाट उत्कृष्ट हुँदै प्रतिनिधित्व गर्ने भएका छन् ।

साउन २४ देखि २७ गतेसम्म हुने उक्त प्रतियोगिताका लागि झण्डै पाँच हजार प्रतिस्पर्धीलाई निरौलाले उछिनेका हुन् । विद्यालयका प्रधानाध्यापक मेघराज दुलालले कक्षा १० का १४ वर्षीय विद्यार्थी निरौलाले तीन महिनाअघि नै नेपाल उत्कृष्ट गरे पनि भूकम्पका कारण विद्यालय पूर्ण क्षतिग्रस्त भएकाले सो समाचार बाहिर ल्याउन नसकिएको बताउनुभयो । निरौलाले एक हजार पूर्णाङ्कमा शत प्रतिशत अङ्क ल्याएका थिए । अमेरिकास्थित माइक्रोसफ्ट कम्पनीले तोकिदिएको माइक्रोसफ्ट पावरप्वाइन्टमा कार्यपत्रको प्रारूप तयार पार्नुपर्नेमा निरौलाले सबैभन्दा छोटो अवधिमा तयार पारेका थिए । पचास मिनेटको समय दिइएकोमा उनले २० मिनेटमा नै कार्यपत्रको प्रारूप तयार पारेका थिए । माइक्रोसफ्ट कम्पनीले उनलाई 'माइक्रोसफ्ट स्पेसलिस्ट' को सर्टिफिकेट दिइसकेको छ ।

सन् २०१३ देखि नेपालले सो प्रतियोगितामा सहभागिता जनाउन थालेको हो । पहिलोपटक चेल्सी विद्यालयका हिमाल शर्मा प्रतियोगितामा भाग लिएर प्रथम भएका थिए । दोस्रो पटक निरौला नेपाल उत्कृष्ट भएपनि 'भिसा' का कारण अमेरिका जान पाएका थिएनन् । विश्वका १२० राष्ट्रले सहभागिता जनाउने सो प्रतियोगितामा यसअघि पनि नेपाल प्रथम भएकाले यसपटक पनि प्रथम हुने विश्वास प्रधानाध्यापक दुलालको छ । प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो हुनेले क्रमशः सात हजार पाँच सय, पाँच हजार र तीन हजार पाँच सय डलर पुरस्कार प्राप्त गर्नेछन् ।






नेपाली समाचार
२०७२ साउन १६- ३०, Aug. 1-15, 2015

# पेट्रोलियमको मूल्य घट्यो, सार्वजनिक सवारीको भाडा नघट्ने

❑ नेस संवाददाता



काठमाडौं - पेट्रोलियम पदार्थको भाउ घटे पनि सार्वजनिक सवारी साधनको भाडा तत्काल नघट्ने भएको छ । पेट्रोलियम पदार्थको भाउ पाँच रुपैयाँभन्दा बढी घटेमात्र सार्वजनिक सवारी साधनको भाडा घट्ने व्यवस्था वैज्ञानिक भाडा पद्धतिमा गरिएकाले तत्काल भाडा नघट्ने यातायात व्यवस्था विभागले जनाएको छ ।

सरकारले विसं २०६५ फागुन २१ गते वैज्ञानिक भाडा पद्धति लागू गरेको थियो । विभागका प्रवक्ता मुक्ति केसी पेट्रोलियम पदार्थको भाउमा पाँच रुपैयाँ पुगेपछि मात्र सार्वजनिक सवारी साधनको भाडा घट्ने बताउनुहुन्छ । 'वैज्ञानिक भाडा पद्धतिअनुसार इन्धनको मूल्यमात्र नभई सवारी साधनमा प्रयोग हुने अन्य चीजबीजको बजार भाउलाई पनि आधार मानेर भाडामा समायोजन गर्ने व्यवस्था भएकाले अहिलेलाई भाडा घट्दैन,' उहाँले भन्नुभयो ।

नेपाल आयल निगमले साउन १६ मा डिजेल, मट्टीतेल र पेट्रोलमा दुई रुपैयाँ ५० पैसा र खाना पकाउने ग्यासमा ३५ भाउ घटाएको थियो । घटाएपछि पेट्रोलको मूल्य प्रतिलिटर १०६ रुपैयाँ ५० पैसा कायम भएको छ भने डिजेल र मट्टीतेलको ८४ रुपैयाँ ५० पैसा कायम भएको थियो । भाउ घटेपछि खाना पकाउने ग्यासको मूल्य एक हजार ४३५ कायम भएको छ ।

निगमले हवाई इन्धनको मूल्य पनि घटाएको थियो । हवाई इन्धन आन्तरिक उडानतर्फ प्रतिलिटर १५ रुपैयाँ घटाएर ११८ रुपैयाँ कायम गरेको र हवाई इन्धन अन्तर्राष्ट्रियतर्फ प्रतिकिलोलिटर ७५ डलर घटाएको थियो । हवाई इन्धनको भाउ घटेपछि नेपाल हवाई संघले मंगलबार हवाई यातायातको भाडा घटाएको थियो । यससँगै सार्वजनिक यातायातमा भाडा घटाउन सरकारसँग माग गरिएको नेपाल विद्यार्थी संघका प्रवक्ता युपी लामिछानेले जानकारी दिनुभयो ।

## पाक्षिक गतिविधि

**२३ जुलाई**
- नामांकन/सिमांकनसहित संविधान ल्याउन माग गर्दै बीरगञ्जमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको प्रर्दशन ।

**२४ जुलाई**
- राष्ट्रपति डा. रामवरण यादव र संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङबीच भेट, संविधान निर्माण प्रक्रिया नछोट्याउन राष्ट्रपतिको दबाब ।
- नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको माओवादीद्वारा बन्द आह्वान । दुई दर्जन सवारी तोडफोड ।

**२५ जुलाई**
- मुटुमा समस्या भएपछि पूर्वयुवराज पारस शाह नर्भिक अस्पताल भर्ना ।

**२६ जुलाई**
- बाराका एसपी लोकेन्द्रबहादुर मल्ललाई धम्क्याएको आरोपमा पूर्वसभासद् शिवचन्द्र कुशवाहमाथि सार्वजनिक अपराधको मुद्दा ।

**२७ जुलाई**
- राष्ट्रपति डा. रामवरण यादवद्वारा उद्योगी प्रदीपजंग पाण्डेसहित झापा आन्दोलनका अगुवाको कैद माफी ।
- भारतका पूर्वराष्ट्रपति एपीजे अब्दुल कलामको एक सेमिनारमा बोल्दाबोल्दै निधन ।

**२८ जुलाई**
- सभासदहरूद्वारा राष्ट्रद्रोही अभिव्यक्ति दिने कांग्रेस सभासद् अमरेशकुमार सिंहलाई कारबाही गर्न प्रधानमन्त्रीसमक्ष आग्रह ।

**२९ जुलाई**
- जनताबाट प्राप्त संविधानको सुझाव मस्यौदा संवाद समितिमा पठाइयो ।
- प्रधानमन्त्री सुशील कोइरालाद्वारा तमलोपा अध्यक्ष महन्थ ठाकुर र नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यसंग छलफल ।

**३० जुलाई**
- प्रमुख दलको बैठकद्वारा जनताका सुझावलाई आवश्यक परिमार्जन गर्न प्रमुख चार दलका नेतालाई जिम्मा । सहयोग गर्न एमाले उपाध्यक्ष भीम रावल नेतृत्वमा उपसमिति गठन ।
- कास्कीमा गएको बाढी पहिरोमा कम्तिमा २३ जनाको मृत्यु ।

**३१ जुलाई**
- सर्वसाधारणको झण्डै चार अर्ब ठगी गर्ने युनिटी काण्डका प्रमुख अभियुक्त विष्णु क्षेत्री र कृष्ण क्षेत्री पक्राउ ।

**१ अगष्ट**
- कांग्रेस केन्द्रीय समिति बैठकमा प्रधानमन्त्री सुशील कोइरालाद्वारा राष्ट्रद्रोही अभिव्यक्ति दिने कांग्रेस सभासद् अमरेशकुमार सिंहलाई कारबाही गर्न प्रस्ताव । प्रस्ताव सर्वसम्मतले पारित ।

**२ अगष्ट**
- पहिलोपटक ग्यासमा ३५ रुपैयाँ मूल्य घट्यो । अन्य पेट्रोलियम पदार्थमा पनि मूल्य घटाइयो ।
- संवाद समिति बैठक अनिश्चितकालका लागि स्थगित । सभापति बाबुराममाथि एमाले सभासद् खनिए ।

**३ अगष्ट**
- नवलपरासीमा बलि दिइएका भनिएका बालकका हत्यारालाई कारबाही माग गर्दै परासीमा प्रदर्शन ।

**४ अगष्ट**
- स्वास्थ्य सेवा सुधार्न गठित चर्चित माथेमा प्रतिवेदन सार्वजनिक ।
- मधेस केन्द्रित, वैद्य नेतृत्वको माओवादीसहित १२ दलको कार्यगत एकता ।

**५ अगष्ट**
- मन्त्रिपरिषद् बैठकद्वारा स्थानीय विकास मन्त्रालयका सचिव डा. सोमलाल सुवेदीलाई मुख्य सचिवमा नियुक्त ।

# बजारमा एकहजार र पाँचसय रूपैयाँका नक्कली नोट भेटिए

❑ नेस संवाददाता

विराटनगर - विराटनगरमा एक हजार र पाँच सयका नक्कली नोट भेटिएका छन् ।

असली नोटलाई रङ्गीन फोटोकपि मेसिनबाट एक हजार र पाँचसयको नोटको हुबहु देखिने गरी सेतो कागजमा प्रिन्ट गरेर असली नोटका रूपमा बजारमा प्रवाह गर्ने गरेको पाइएको छ । यस कार्यमा संलग्न गिरोहले बडो सतर्कतापूर्वक बजारका भिडभाड भएका पसलका साथै नोटको कारोबार गर्ने आधिकारिक संस्थामा नोटको बण्डलमा एक/दुई थान मिसाएर चलनचल्तीमा ल्याउने कार्यमा बढी सक्रिय छन् ।

झट्ट हेर्दा असली नोटजस्तै देखिने भएकाले जो कोही पनि झुक्किन सक्छन् । नेपाली नोटमा नक्कली हुँदैन भनी सर्वसाधारण विश्वासका साथ खल्ती वा सुरक्षित स्थानमा राख्ने गर्दछन् जबकी भारतीय नोटलाई उल्ट्याइ पल्टाइ हेरेर सक्कली नोट प्रमाणित भएपछि मात्र खल्तीमा राख्छन् ।

रंगिन फोटोकपि मेसिनबाट निकालिएको नक्कली एक हजारको नोटको आकार केही छोटो छ । नोटको चाँदीको धर्को कम टल्किने र अलि कालो देखिन्छ । वाटरप्रिन्ट देखिँदैन र असली नोटको तुलनामा कागज अलि मोटो र खस्रो छ । असली नोट पानीमा भिजे पनि खासै फरक पर्दैन तर फोटोकपि गरिएका त्यस्ता नोट पानीमा भिज्नासाथ नोटको रंग तुरून्त उड्ने गर्दछ ।

नक्कली नोटमा एक थोपा पानी खसाउँदा रंग उडेर दागका रूपमा परिणत हुन्छ । यस सम्बन्धमा मोरङका प्रहरी नायब उपरीक्षक प्रभुप्रसाद ढकालले नक्कली नोटका विषयमा कतैबाट कसैले उजुरी नगरेको र यस विषयमा प्रहरी गहिरिएर लागेको जानकारी गराउनुभयो ।

# द्रुतमार्ग निर्माण प्रक्रिया अध्ययन गर्न उपसमिति गठन

❑ नेस संवाददाता

काठमाडौं - काठमाडौं-तराई द्रुतमार्गको निर्माण प्रक्रिया विवादास्पद बन्दै गएपछि व्यवस्थापिका संसदको अर्थ समितिले त्यस बारे अध्ययन गर्न एक उपसमिति गठन गरेको छ ।

समितिको बैठकले उक्त मार्ग निर्माणको आर्थिक, कानुनी र प्राविधिक पक्षका बारे विज्ञहरूसँग छलफल र आवश्यक अवलोकन गरेर १५ दिन भित्र प्रतिवेदन बुझाउन ७ सदस्यीय उपसमिति गठन गरेको हो । समिति सभापति प्रकाश ज्वालाले बैठकमा उक्त सडक निर्माणका विभिन्न पक्षबारे व्यापक छलफलपछि अध्ययनका लागि समिति बनाइएको बताउनुभयो । सरकारले बुट प्रणाली अन्तर्गत काठमाडौं-निजगढ करिब ७६ किलोमिटर सडक निर्माणको जिम्मा एक भारतीय कम्पनीलाई दिने तयारी गरेको छ । 'सरकार आफैले ठूलो लगानी गरेर निर्माणको जिम्मा भारतीय कम्पनीलाई दिने प्रक्रिया बढाएपछि अनेक शंका/उपशंका, प्रश्न र टिका टिप्पणी उठेको छ,' ज्वालाले भन्नुभयो 'त्यसबारे उपसमितिले अध्ययन गर्नेछ ।' समितिले अर्थमन्त्री रामशरण महत, भौतिक योजना तथा निर्माण मन्त्री विमलेन्द्र निधि र पर्यटन मन्त्री कृपाशुर शेर्पासँग दुई दिन छलफल गरेको थियो ।

सरकारले ३ प्रतिशत ब्याजमा सफ्ट लोन ७५ अर्ब र १५ अर्ब अनुदान दिएर भारतीय कम्पनी मार्फत बुट प्रणालीमा सडक निर्माणको प्रक्रिया बढाएको हो । जम्मै हिसाबले कम्पनीलाई नै फाईदा हुने भन्दै ठूलो लगानी सरकारकै हुने भएपछि आफैले बनाउनुपर्ने आवाज पनि उठेको छ । द्रुत मार्गका बारे उठेका सबै प्रश्नलाई ध्यानमा राखेर उपसमितिले अध्ययन गर्ने ज्वालाले बताउनुभयो । उपसमितिमा केशव वडाल, कमला पन्त, गरिमा शाह, गोपाल दहित, जगदिश्वर नरसिंह केसी, विक्रम पाण्डे र शक्ति बस्नेत छन् । ७ जनाले एकजना संयोजक तोक्ने छन् ।

# मुख्य सचिवमा डा. सुवेदी

❑ नेस संवाददाता

काठमाडौं - सरकारले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव डा. सोमलाल सुवेदीलाई मुख्य सचिवको जिम्मेवारी दिएको छ । बुधबार बसेको मन्त्रिपरिषद् बैठकले सुवेदीलाई मुख्य सचिव नियुक्त गरेको हो ।

मुख्य सचिव लीलामणि पौडेलले २३ साउनदेखि अवकाश पाएपछि सुवेदीलाई मुख्यसचिव बनाइएको हो । वरिष्ठतम सचिवहरु श्रीधर गौतम, डा. सोमलाल सुवेदी र जयमुकुन्द खनालमध्ये दोस्रो मर्यादामा रहेका सुवेदीलाई सरकारले मुख्य सचिव बनाउने निर्णय गरेको हो । मुख्य सचिवका दाबेदार तिनैजना एकै दिन अर्थात् ३० चैत २०६७ मा सचिव भएका थिए । वरिष्ठ सचिव गौतमलाई मुख्य सचिव बन्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग बाधक बनेको थियो ।

गौतमले नेपाल ट्रष्टको सचिव हुँदा जंगलसहितको गोकर्ण रिसोर्ट लिजमा दिंदा भएको सम्झौताविपरीत स्वामित्व हस्तान्तरण गरेको भन्दै अख्तियारले उनलाई कुनै पनि जिम्मेवारी नदिन सरकारलाई लिखित निर्देशन दिएको छ ।

निजामती सेवा ऐनमा राजपत्रांकित विशिष्ट श्रेणीको मुख्य सचिव पदमा बहालवाला सचिवमध्येबाट नेपाल सरकारले ज्येष्ठता र कार्यकुशलताका आधारमा छनोट गरी बढुवा गर्ने व्यवस्था छ । मुख्य सचिवका प्रतिस्पर्धीमध्ये सहकारी सचिव गौतमले आगामी ३० चैत २०७२ मा पाँचबर्षे अवधि पूरा गरी अवकाश पाउनेछन् । नवनियुक्त मुख्य सचिव डा. सुवेदी लामो समय स्थानीय विकास मन्त्रालयमा काम गरेका व्यक्ति हुन् । ३४ वर्ष निजामती सेवामा बिताएका उनी ९ जेठ २०३८ मा सहलेखापालबाट निजामती सेवामा प्रवेश गरेका थिए । २०४६ मा अधिकृतमा बढुवा भएका उनी लामो समय अर्थ मन्त्रालयको वैदेशिक सहयोग महाशाखामा रहेर काम गरे । २०५३ मा उपसचिव भएपछि सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोग हुँदै स्थानीय विकास मन्त्रालयअन्तर्गत विभिन्न जिल्लामा स्थानीय विकास अधिकारी (एलडीओ) का रूपमा काम गरेका थिए ।

**सात मन्त्रालय सचिवविहीन**

सुवेदीको मुख्य सचिवमा बढुवासँगै प्रशासनिक नेतृत्वविहीन भएका मन्त्रालय र निकायको संख्या सात पुगेको छ । संघीय मामिला तथा स्थानीय विकास, भौतिक पूर्वाधार तथा यातायात, श्रम तथा रोजगार, परराष्ट्र, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, नेपाल ट्रस्ट र महालेखा नियन्त्रकको कार्यालयमा सचिव पद रिक्त छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

नेपाली राजदूतावास टोकियो ............
........ फोनः ०३-३७१३-६२४१/४२
........ फ्याक्सः ०३-३७१९-०७३७
टोकियो क्षेत्रिय अध्यागमन ब्यूरो
सिनागावा .................... ०३-५७९६-७१११
टेलिफोन नम्बर सोधपूछ ............... १०४
प्रहरी .................................................. ११०
एम्बुलेन्स र दमकल ........................ ११९

कोवायासी भिषा सर्भिस
KOBAYASHI VISA SERVICE
सस्तो सुलभ, छिटो सेवाका लागि हामीलाई सम्झनुहोस् ।

सेवाहरु (Services)

| | |
|---|---|
| ❖ भिषा नविकरण | लाग्ने खर्च : 9,800円 |
| ❖ स्थायी भिषा (एईज्यु) | लाग्ने खर्च : 35,000円 |
| ❖ भिषाको प्रकृति परिवर्तन | लाग्ने खर्च : 35,000円 |
| ❖ नयाँ भिषा सम्बन्धि काम | लाग्ने खर्च : 50,000円 |
| ❖ कम्पनी स्थापना | लाग्ने खर्च :आपसी सहमतीमा तय गरिने |


Hironari Kobayashi
Immigration Lawyer

नेपाली, अंगेजी, हिन्दी, जापानी भाषामा कुरा गर्न सकिने ।

Contact for Details:
Tel : 03-6279-3353
Fax : 03-6908-5805
Mobile : 080-4186-2102 (Softbank)
Shinokubo Lions Mansion 409, 2-4-5
Hyakunincho, Shinjuku-ku,Tokyo, Japan

फोन गर्ने समय बिहान १० बजेदेखि बेलुकी ८ बजेसम्म ।

## एनआरएन जापानको...

छन् । अर्का उम्मेदवार चिरञ्जिवी थापा अघिल्लो अधिवेशनमा पनि आकाँक्षी थिए । अहिले जापानका ठूलासाना सहरमा हुने गरेका नेपाली जमघट र हरेक कार्यक्रमहरूलाई उनीहरूले प्रचारप्रसारको उपयुक्त अवसरकारूपमा उपयोग गर्दै आईरहेका छन् । त्यस्ता अवसरहरूमा उनीहरूले आफुनै अहिलेको अवस्थामा सबैभन्दा योग्य उम्मेदवार रहेको दावी गर्दै आफ्नो पक्षमा पल्लाभारी बन्दै गएको बताउने गरेका छन् । करिव ४५ हजार नेपालीहरु रहेको जापानमा झण्डै १० प्रतिशत अर्थात ४ हजार ३ सय नेपालीले यस पटक एनआरएन जापानको सदस्यता ग्रहण गरी मताधिकार सुरक्षित गरेका छन् । निर्वाचन भईहालेमा करिव ३ हजार मत खस्ने अनुमानसगै ९ सय भोट लिने जो कोहीले अध्यक्षको बाजी मार्न सक्ने आंकलन गर्न थालिएको छ ।

अध्यक्षका दावेदार बनेका उपाध्यक्ष त्रय अघिल्लो अधिवेशनमा पनि हुलाकी मतदानबाट छानिएका हुन् । यहि अगस्तको ३० तारिख हुने अधिवेशन सम्म सर्बसम्मत हुन नसकेमा अर्को महिना सेप्टेम्वर ६ तारिखका दिन क्षेत्रगत आधारमा प्रत्यक्ष निर्वाचन प्रणालीबाट नेतृत्वको चयन गरिने एनआरएन जापानले यसअघिनै जानकारी गराईसकेको छ । जसअनुसार डा. नेत्रप्रकाश भण्डारीको संयोजकत्वमा निर्वाचन समिति पनि गठन भईसकेको छ । यद्यपि निर्वाचन समितिले हालसम्म कुनै निर्वाचन सम्बन्धि कार्यक्रम सार्बजनिक गरेको छैन ।

उसो त एनआरएन आईसीसीको उपाध्यक्ष समेत जापानमै रहेको सन्दर्भमा सर्बसम्मत नेतृत्व चयन गर्न प्रत्यक्ष वा अप्रत्यक्षरूपमा दबाब पर्न थालेको छ । उम्मेदवारहरूको आधिकारिक दर्ता प्रक्रिया सुरू हुन बाँकी नै रहेको भए पनि सामाजिक सञ्जाल तथा मिडियामा आ–आफ्ना उम्मेदवारीलाई सार्बजनिक गर्ने क्रम बढ्दै जाँदा अहिले जापानको माहौल तात्दै जान थालेको हो । चुनावी सरगर्मी बढ्दै गर्दा केन्द्रिय समितिमा रहेका जिम्मेवार आइसीसीका पदाधिकारीहरु माथि सके सर्बसम्मत नभए सौहार्द्रपूर्ण वातावरणमा अधिवेशन र नेतृत्व चयन कार्य सम्पन्न गर्न नजानिदो तवरले दबाब पर्न थालेको हो । उसो त बहालवला आइसीसीका सदस्यहरु आफ्नो भावी स्थान कसरी सुरक्षित गर्न सकिन्छ भन्ने जोडघटाउमै ब्यस्त देखिने गरेकोले कतै मुख खोलेका छैनन् । ४ हजार भन्दा बढि पञ्जिकृत सदस्य रहेको जापानबाट ४ जना प्रतिनिधि केन्द्रमा जान पाउने निश्चित भएसंगै थप आइसीसीका आकाँक्षीहरु पनि बिस्तारै खुल्न थालेका छन् ।

यद्यपि जापानका नेपालीहरूको ध्यान भने एनआरएन जापानको भावी अध्यक्षमा कसले बाजी मार्छ भन्नेमा केन्द्रित देखिन्छ । तुलनात्मकरूपमा केही आकर्षण बढेको एनआरएन जापानमा चुनौती र जिम्मेवारी पनि संगसंगै थपिएका छन् । त्यसलाई सन्तुलितरूपमा सम्बोधन गर्दै जापानको नेपाली समुदायमा एउटा अभिभावक संस्थाको रूपमा भूमिका निर्बाह गनुपर्ने दायित्व थपिएको छ । त्यसका लागि योग्य, कर्त्तब्यनिष्ठ र सक्षम नेतृत्व चयन गर्ने जिम्मेवारी जापानका नेपालीहरूको काँधमा आएको छ । उसो त समाजका जिम्मेवार अग्रजहरु र उम्मेदवारहरूबीच चरणबद्धरूपमा सहमतिका लागि प्रयासहरु भईरहेको बुझिएको छ । यसैबीच आइसीसीका उपाध्यक्ष भवन भट्टले अन्तिमसम्म सहमतिमै टुंगो लगाउने प्रयास गरिने नेपाली समाचारलाई बताएका छन् ।

## सिमांकन...

उनीहरूले आजभोलि नै अन्तिम टुंगो लाग्ने गरी निष्कर्ष आउने दाबी गरेका छन् ।

६ प्रदेशमा जाँदा पूर्वका झापा, मोरङ, सुनसरी र सुदूरपश्चिमका कैलाली र कञ्चनपुरलाई कसरी मिलाउने भन्ने विषयमा दलहरूको छलफल केन्द्रित भएको छ । मधेस केन्द्रित दलहरूले पनि सिमांकनबिनाको संविधान नमान्ने स्पष्ट जनाउन दिएपछि दलहरु पुनः गृहकार्यमा व्यस्त भएका हुन् । संवैधानिक–राजनीतिक संवाद तथा सहमति समितिका सभापति डा. बाबुराम भट्टराईले छलफल गम्भीरतापूर्वक सकारात्मक दिशामा अघि बढेकाले सबै विषय संविधानमा अहिले नै टुंगो लगाउने जानकारी दिनुभयो । 'सीमांकनसहितको संघीयता, शासकीय स्वरूपसहित सबै विषयमा गम्भीरतापूर्वक छलफल भएको छ, छलफल सकारात्मक दिशामा अघि बढेकाले सहमति हुनेछ,' भट्टराईले भन्नुभयो । संविधान जारी गर्ने कार्यतालिका बनाइएको गत ८ माघ पनि पाँच जिल्लाकै विवादले संविधान जारी नगरी कटेको थियो । ८ माघपछि गत २५ जेठमा भएको १६ बुँदे सहमतिले संघीयतालाई बाँकी राखेर संविधान जारी गर्ने आधार सिर्जना गरेको थियो ।

पूर्वको झापा, मोरङ, सुनसरीमध्ये झापालाई मात्रै पहाडमा मिलाएर मोरङ र सुनसरीसहित तल्लो भेग उदयपुरसम्म मिलाएर पनि छुट्टै प्रदेश बनाउन सकिने विकल्प पनि छलफलमा प्रस्तुत भइसकेको छ । एमाओवादीले भने ६ प्रदेशमा जाने हो भने बहुपहिचानयुक्त नामांकन पनि राख्नुपर्ने धारणा अघि सारेको छ । ६ प्रदेशमा सहमति नभए २५ जेठको १६ बुँदे सहमतिअनुसार पनि अघि बढ्न तयार रहेको एमालेले जनाएको छ । 'यसभन्दा फरक निर्णय गर्नुपर्ने स्थिति आयो भने हामी फेरि बैठक बस्नेछौं,' सचिव गोकर्ण विष्टले भन्नुभयो । गत २५ देखि ५ साउनसम्म भएको जनमत संकलनमा जनताले सीमांकन टुंग्याएर थोरै प्रदेशसहितको संविधान जारी गर्न सुझाव दिएका थिए ।

## शीर्ष नेताहरूको...

● **संविधानको प्रारम्भिक मस्यौदामा तपाईंहरूको ठूलो असहमति रहनुको पछाडि बुँदागत कारण के–के छन् ?**

नयाँ संविधानको मस्यौदा विगतका सहमति र प्रतिबद्धता विपरीत आएको छ । जस्तो कि संघ, प्रदेश र स्थानीय तहका व्यवस्थापिकामा दलित समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्दै क्षतिपूर्ति स्वरूप संघमा थप ३ प्रतिशत, प्रदेशमा ५ प्रतिशत र स्थानीय तहमा १० प्रतिशत प्रतिनिधित्वको व्यवस्था हटाइएको छ । मस्यौदाको दलित समुदायको हकसम्बन्धी धारा ४५ को उपधारा १, २, ३, ४ र ५ का 'कानुन बनाइ' भन्ने वाक्यांश हटाएर संवैधानिक व्यवस्था सुनिश्चित गरिनुपर्ने, राष्ट्रिय सभामा सबै प्रदेश र मनोनयनबाट कम्तीमा १/१ दलित पर्ने गरी समानुपातिक १३ प्रतिशतमाथि थप क्षतिपूर्तिसहित प्रतिनिधित्वको व्यवस्था हटाइएको छ । पहिलो संविधानसभाबाट सर्वसम्मतिले पास भएका बुँदामा राज्यले भूमिहीन दलितलाई एकपटक जमिन उपलब्ध गराउने, आवासविहीनका लागि बसोबासको व्यवस्था गर्ने, दलित समुदायका व्यक्तिलाई निजामती, सेना, प्रहरीलगायत राज्यका सबै निकाय र क्षेत्रमा समानुपातिक आधारमा रोजगारी प्राप्त गर्ने हक हुने, दलित विद्यार्थीलाई प्राथमिक तहदेखि उच्च शिक्षासम्म छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्थालगायत थुप्रै अधिकार कटौति गरिएको छ ।

● **भनेपछि विगतका सम्झौता पालना भएनन् भनेर आन्दोलन भइरहेको छ ?**

हो, सँगसँगै हाम्रा केही माग छन् । सबै तहका कार्यपालिकामा दलित समुदायको अनिवार्य उपस्थितिको व्यवस्था सुनिश्चित गर्नुपर्ने, संवैधानिक निकाय तथा निजामती, सेना, प्रहरीलगायतका सरकारी निकायमा दलित समुदायको समानुपातिक उपस्थितिको व्यवस्था कायम राख्नुपर्ने, मिश्रित निर्वाचन प्रणाली अपनाउँदा सबै तहमा प्रत्यक्षतर्फ पनि दलित समुदायको क्षतिपूर्तिसहित समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुने व्यवस्था कायम गरिनुपर्ने माग पनि विद्यमान छन् ।

● **अधिकांश मागहरू दोस्रो संविधानसभाले ग्रहण गरिसकेको थियो । मस्यौदामा कसरी हटाइयो त ?**

यही विषय हाम्रो खोजीको विषय भएको छ । संघीय, प्रादेशिक र स्थानीय तहका सबै राजनीतिक संरचनामा जनसंख्याको आधारमा दलितको समानुपातिक प्रतिनिधित्वको व्यवस्था ३ र ५ प्रतिशत थप गरिने, मधेसमा ४४ प्रतिशत र पहाडमा २३ प्रतिशत समानुपातिक प्रतिनिधित्व हुने निर्णय भएको थियो । दोस्रो सभाले स्वामित्व ग्रहण गरिसकेका बुँदा मस्यौदा समितिले आश्चर्यजनक ढंगले झिकेको छ । सबैले एकमतले निर्णय गरेका बुँदा समितिले कसरी हटायो भनेर हामीले शीर्ष राजनीतिक नेतृत्वलाई भनिसकेका छौं ।

● **नयाँ संविधानमा आफूहरूका उचित मुद्दाको सम्बोधन नगरिए सामुहिक राजीनामा दिने चेतावनी पनि दिनुभएको थियो नि ?**

मस्यौदा संविधानमा दलित तथा दलित महिलाका सम्बन्धमा के-कस्ता प्रावधान राखिएको छ, दलित आन्दोलनले उठाउँदै आएका मुख्य मागहरु के हुन्, आगामी दिनमा आफ्ना हक अधिकारलाई संविधानमा सुनिश्चित गराउनका लागि कसरी अगाडि बढ्नुपर्ला भनेर हामीले साथहिरूसँग छलफल गरेका थियौं । त्यहाँ उहाँहरूले माग सम्बोधन नगरे राजीनामा दिनुस् भन्नुभएको थियो । तर, त्यो विकल्प होइन हामी संविधानसभाभित्रैबाट अधिकारको लडाईं लड्छौं ।

● **भनेपछि कटौति शीर्ष नेताहरूबाटै भयो हैन ?**

मुख्य दलका शीर्ष नेताहरु अझैपनि दलित, महिला, मधेसी, आदिवासी जनजातिको समानुपातिक प्रतिनिधित्वका विरूद्धमा उभिनुभएको छ । केही साथीको पार्टी सानो भएको र ठूला पार्टीका साथीको स्वर सानो भएकाले मस्यौदामा दलितका मुद्दा अपेक्षाकृत ढंगबाट आउन सकेको छैन । अधिकार कटौतिमा ठूला नेताहरु नै हुनुहुन्छ । उहाँहरूको दलितप्रति हेर्ने नियत नै ठीक छैन । हामी अधिकार फिर्ता गर्न बाध्य पार्छौं ।

● **उसो भए नयाँ संविधानको मस्यौदामा दलित अधिकार पूरापूर हनन भएको हो ?**

विभिन्न आरोह–अवरोहविच नेपाली जनताले संविधानसभा मार्फत जनताको संविधान बनाउने आकांक्षाको प्रतिफल नेपालको संविधान २०७२ को मस्यौदा हाम्रो सामु आएको छ । जनतासँगको वाचा र घोषणा गरिएका प्रतिवद्धता अनुसार पहिलो संविधानसभाले सर्वसम्मत पारित गरेका विषयहरु उपलब्धिका रूपमा दोश्रो संविधानसभाको पूर्ण वैठकवाट स्वामित्व ग्रहण गर्ने निर्णय भएको थियो । यसरी स्वामित्व ग्रहण भएका उपलब्धिहरु, संघीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता, समानुपातिक समावेशिकरण जस्ता विषय संविधान निर्माणको मुख्य आदर्श बनेको छ । त्यसरी नै सदियौंदेखि आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक, प्रशासनिक, धार्मिक तथा सांस्कृतिक दृष्टिले राज्यद्वारा नै पछाडि पारिएका दलित समुदायका हक अधिकारहरु केहि हदसम्म उल्लेख भएको देखिन्छ । तर ऐतिहासिक संविधानसभा २०६४ मा सहमति भई संविधानसभा २०७० ले स्वामित्व ग्रहण गरी सकेका दलित समुदाय सम्वन्धि सवै विषयहरु जस्ताको तस्तै नयाँ संविधानमा लिपिबद्ध हुनुपर्नेमा त्यसो भएको देखिदैन ।

● **तपाईंहरूको माग चाँही के–के छन् त ?**

हामीले पूरा हुन नसक्ने माग गरेका छैनौं । तर, नयाँ माग पनि राखेका छैनौं । संघीय व्यवस्थापिका (प्रतिनिधि सभा), प्रदेश व्यवस्थापिका र स्थानिय तहका सबै राजनीतिक संरचनाहरूमा जनसंख्याको आधारमा दलित समुदायको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरी संघीय, प्रादेशिक र स्थानीय संरचनामा क्रमशः तीन, पाँच र दश प्रतिशत थप प्रतिनिधित्वको व्यवस्था गर्नुपर्छ भनेका छौं । राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट न्युनतम एक जना र मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिले मनोनित गर्ने पाँच जना मध्ये कम्तिमा एक जना दलित पर्ने गरी व्यवस्था गर्नुपर्छ भने माग छ । प्रत्येक प्रदेश सरकारको मन्त्रीमण्डल र स्थानीय सरकारको कार्यपालिकामा दलित समुदायको समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था गर्नुपर्छ । राज्यका सबै तहका राजनैतिक तथा संवैधानिक नियुक्तिहरूमा दलित समुदायको अनिवार्य प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्छ ।

दलित अधिकार सुनिश्चित गर्न, गराउन मौजुदा मस्यौदाको धारा ४५ को 'दलितको हक' मा उपधारा (८) थप गरी राज्यको प्रत्येक संरचना, प्रतिनिधित्वको क्षेत्र, संघिय, प्रादेशिक र स्थानिय तहमा दलित समुदायको समानुपातिकका अतिरिक्त क्रमशः तीन, पाँच र दश प्रतिशत थप सहभागिता सुनिश्चित गरिनेछ, भन्ने वाक्यांश थप हुनुपर्दछ र उपधारा (१) मा रहेको समावेशी सिद्धान्तका आधारमा भन्ने वाक्यांसको सट्टा समानुपातिक समावेशी सिद्धान्तका आधारमा भन्ने वाक्यांश थप्नुपर्छ । साथै उपधारा (१), (२), (३), (५) र (६) मा रहेका कानुन बमोजिम भन्ने शब्द हटाइनुपर्दछ ।

● **संविधान जारी गर्ने मुखैमा भएको यी मागले संविधान निर्माण नै खतरामा त पर्दैन ?**

किमार्थ पर्दैन । हामीले विगतका सहमति, सम्झौता र प्रतिबद्धता सम्झाएका छौं । हाम्रो आन्दोलनले अवरोध होइन, संविधान निर्माणमा सहयोग नै गर्दछ ।

## ネパール語と日本語を学びましょう - 113
(नेपाली र जापानी भाषा सिकौं)

| 日本語の文章 (जापानी भाषा) | 日本語の発音 (जापानी उच्चारण) | ネパール語の発音 (नेपाली उच्चारण) | |
|---|---|---|---|
| お祭り (まつ) | ओमाचुरी | मेला/जात्रा | メラ/ジャトラ |
| 夏祭り (なつまつ) | नाचुमाचुरी | गृष्म मेला | グリシュマ・メラ |
| 花火 (はなび) | हानाबी | आतशबाजी | アタスバジ |
| 着物 (きもの) | किमोनो | जापानी पोषाक | ジャパニ・ポサク |
| 浴衣 (ゆかた) | युकाता | गर्मीको किमोनो | ガルミコ・キモノ |
| お神輿 (みこし) | ओमिकोसी | रथ | ラタ |
| 神社 (じんじゃ) | जिन्ज्या | मन्दिर | マンディール |
| パレード | पारेदो | परेड | パレード |
| バンド | बान्दो | सांस्कृतिक समुह | サンスクリティク・サムハ |
| 観客 (かんきゃく) | खान्क्याकु | दर्शक | ダルサク |
| 屋台 (やたい) | याताइ | स्टल/पसल | スタル/パサル |
| 実行委員会 (じっこういいんかい) | जिक्कोइइन्काइ | आयोजक समिति | アヨザク・サミティ |
| 町会 (ちょうかい) | च्योखाई | टोल समिति | トール・サミティ |

जापान तथा नेपालमा चल्ने iphone 5, 4S (Sim Free), विभिन्न किसिमका Smart Phone हरु सुपथ मूल्यमा उपलब्ध



i-Phone 4S  i-Phone 5  Samsung Galaxy S3 Alpha  F-3D (Girls)  Dell Streak Pro
दुबै साईडमा क्यमेरा भएको मोबाईल फोनहरु मात्र १५,००० येन ।
खसी कुखुराको मासु, मरमसला, अचार, दाल-गेडागुडी, फोन कार्डका लागि हामीलाई सम्झनुहोस् ।
Barahi Foods & Spice Center
नेपाली पसल (हलाल फुड)
Tel. 090-6094-9954 (Soft Bank), 03-3363-1145, Fax. 03-5386-8797
(टोकियो स्थित जेआर सिनओकुबो स्टेशनबाट ३० सेकेन्ड मात्र)

## जापानबाट एनआरएन आइसीसीका आकाँक्षीहरू

❑ **नेस संवाददाता**

टोकियो – राष्ट्रिय अधिवेशनसंगै आइसीसीका लागि समेत प्रतिनिधि चयन गर्ने समय नजिकिदैं गर्दा जापानबाट एनआरएन आइसीसीका आकाँक्षीहरू बढ्न थालेका छन् ।

जसअनुसार अघिल्लो पटक आइसीसी सदस्यमा उम्मेदवारी फिर्ता लिएका ब्यवसायी केशर गिरी, हालका अध्यक्ष पारसमणि पोखरेल, महासचिव मुक्तिराम खनाल 'बिनोद', ब्यवसायी कपिलदेव थापाले सार्बजनिकरूपमै आकाँक्षा ब्यक्त गरेका छन् भने हालका आइसीसी सदस्यहरू ओम गुरूङ, भूषण घिमिरे र रोशन केसीको नाम पनि चर्चामा छ । ४ हजार ३ सय पञ्जिकृत सदस्य संख्या रहेको जापानबाट एक हजार बराबर १ जनाको दरले ४ जना प्रतिनिधि पठाउन सकिने अवस्था छ ।

## 'कोशिस'का लागि सहयोग संकलन

टोकिया – वरिष्ठ पत्रकार विजय कुमारको अभियान 'कोशिस' लाई जापानबाट दिलिप सुवेदीको अगुवाइमा आर्थिक सहयोग गरिएको छ ।

विगत दश वर्षदेखि जापानमा बस्दै आएका बुटवलका दिलीप सुवेदीले संकलन गरेको एक लाख आठ हजार जापानी येन अभियानका लागि पठाएको हो ।

नेपालको विनाशकारी भूकम्पपश्चात वरिष्ठ पत्रकार विजय कुमारले शुरु गरेको 'कोशिस' अभियानले धुलिखेल अस्पतालसँगको सहकार्यमा सिन्धुपाल्चोकको विकट मानेखर्कमा पुनः निर्माण अभियान सञ्चालन गरिरहेको छ । भूकम्पका कारण मानेखर्कमा ५० घर पूर्ण रूपमा ध्वस्त भएका थिए ।

सुवेदीले विजयकुमारको कोशिस अभियान आफूलाई मन परेको र जापानबाट केही साथीहरूसँग संकलन गरेको रकम नेपाल पठाएको बताउनु भयो ।

# जापानमा उदाउँदै गरेका नेपाली डाइरेक्टर

❑ ऋतुकुमार दुरा



टोकियो– ८ वर्ष पहिले विद्यार्थीका रूपमा जापान छिरेका पोखरा लेखनाथका विष्णु बस्नेतले आउने बेलामा जापानमा नेपाली म्यूजिक भिडियोको सुटिङमा व्यस्त हुन्छु भन्ने कल्पनै गरेका थिएनन् । 'जापान गएर दुईचार वर्ष पढौं, त्यसपछि देखा जाएगा' भनेर जापान छिरेका उनी जापानकै एक कम्पनीमा जागिरे भए । त्यसो त उनी जागिर मात्रै खाँदैनन् । हप्ताभरीमा पाइने एक दिनको विदा पनि उनलाई चटारोको चटारै हुन्छ ।

विदाको दिन उनी नेपाली म्युजिक भिडियोको छायाँकन र निर्देशनमा व्यस्त हुन्छन् भने कतिवेला कथा लेखनमा । आजभोलि जापानमा म्युजिक भिडियो बनाउने क्रेज ह्वात्तै बढेको छ ।

वस्नेतले दीपक पण्डितको 'हाम्रो सम्बन्ध...', प्रमोद खरेलको 'लाग्छ आज जिन्दगीको...', अन्जु पन्तको 'आँशु दिने निष्ठुरीलाई...' लगायतका गीतमा म्यूजिक भिडियो छायांकन तथा निर्देशन गरिसकेका छन् । यतिखेर जापानमा नै गायन क्षेत्रमा सक्रिय गायक रामकृष्ण वम मल्लको राष्ट्रिय भाव बोकेको गीत 'हामी पनि देशको बिनावर्दीको सिपाही...' को म्युजिक भिडियोको काममा उनी व्यस्त छन् ।

नेपालमा विए तेस्रो वर्षमा पढदै गर्दा एक्कासी उनलाई जापान आउने हुटहुटी जाग्यो । नेपालमा केका लागि विए पढदैछु भन्ने भेउ पाउनै नसकेका बस्नेत जापान आएपछि फिल्म मेकिङ, क्यामेरा र निर्देशनको ३ वर्ष अध्ययन गरे । त्यसो त उनको सानैदेखिको यस क्षेत्रमा भने झुकाव रहेको उनी बताउँछन् । पल्टनका जागिरे उनका वावुले 'पल्टनमा जागिर भने नाखाएस छोरा' भनेका थिए– उनी सुनाउँछन् । वावाको इच्छा अनुसार नै चार दाजुभाई मध्येका कान्छो विष्णु वस्नेतको पल्टनमा जागिर खाने रहर कहिल्यै जागेन ।



वाल्यकालदेखि देखेको उनको सानो सपना जापान आएर साकार भयो । फिल्म मेकिङ, क्यामेरा र निर्देशनको अध्ययन उनले छात्रवृत्तिमा पढेका हुन् । पढाई सकेपछि त्यही विषयसँग सम्बन्धित काम पाएर उनमा अझ हौसला थपियो ।

कार्यालयको कामले जापानीहरूको कन्सर्ट, विभिन्न कार्यक्रमहरु खिच्ने काममा उनी सँधै व्यस्त हुन्छन । तर विदाको दिन नेपाली म्यूजिक भिडियोका लागि क्यामेरा बोकेर स्पट खोज्न दौडिहाल्छन् ।

आफूले जानेको ज्ञान नेपालीको लागि पनि केही काम गरूँ भन्ने उद्देश्यले उनले यस क्षेत्रमा हात हालेको बताए । भविष्यमा प्रोडक्सन हाउस खोल्ने र फिल्म निर्देशन गर्ने लक्ष्य लिएका बस्नेतले नेपालको स्थिति सुधार भएमा नेपाल फर्केर काम गर्ने पनि योजना बुनेका छन् । 'रहरले गरेको अहिलेको काम करले गर्न चाहन्छु, चाहे नेपालमा होस् या विदेशमा-उनले नेपाली समाचारसँग भने ।

खेलकुद

# 'ब्याट फर नेपाल' का लागि विश्व-११ टोली घोषणा

❑ नेस संवाददाता

काठमाडौं – नेपालका भूकम्पपीडितलाई सहयोग गर्ने उद्देश्यले आगामी आइतबार मलेसियाको किनरारा ओभलमा हुने क्रिकेट खेलमा नेपालविरूद्ध मैदानमा उत्रने विश्व–११ टोलीको नेपाल त्रिकेट सङ्घ (क्यान) ले घोषणा गरेको छ ।



'ब्याट फर नेपाल' नाम दिइएको उक्त अभियानमा खेल्ने विभिन्न देशका खेलाडी सम्मिलित विश्व–११ टोलीको कप्तानी श्रीलङ्काली पूर्व खेलाडी सनथ जयसूर्याले गर्नेछन् ।

अन्य खेलाडीमा पाकिस्तानका पूर्व विकेट किपर रसिद लतिफ, बङ्गलादेशका पहिलो टेस्ट कप्तान अमिनुल इस्लाम, अब्दुर रज्जाक, शोहाग गाजी, अस्ट्रेलियाका स्टिभ ओकिफे र मार्कुस स्टाइनिस, मलेसियाका सुरेश नवरत्नम, अहमद फैज, भारतका बेणुगोपाल राव तथा सिङ्गापुरका चेतन सूर्यवंशीको नाम छ । खेल २० ओभरको हुनेछ ।




छिटो, छरितो, भरपर्दो
जिएमटी रेमिट सेवा
सुरक्षित पुर्‍याउँछौं, तपाईंको परिवारको माझ
ठाउँ एक सुविधा अनेक
अब
जिएमटी रेमिट सेवा
पनि
पहिलो र पाँचौं पटक
नि:शुल्क
जापानको जुनसुकै
स्थानबाट पनि बिना झञ्झट
नेपाल पैसा पठाउनका लागि
हाम्रो JP BANK को खाता नं
10100-59460661
प्रयोग गर्न सक्नुहुनेछ ।
GMT International Co., Ltd.
Authorized Agent of CITY EXPRESS Money Transfer Japan Co., Ltd.
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax : 03-5937-5314, Mob: 080-4150-5314(SB)
Email: samudraparinews@gmail.com


GMT Calling Card
RECHARGEABLE INTERNATIONAL PHONE CARD
नेपाल लगायत विश्वका बिभिन्न मुलुकहरुमा रहेका आफन्तसँग सुपथ मुल्यमा सजिलैसँग सिधा सम्पर्क गर्नका लागि जिएमटी कलिङ्ग कार्ड नै प्रयोग गरौं ।
जिएमटी कलिङ्ग कार्ड नै किन ?
सस्तो, राम्रो र भरपर्दो
पब्लिक तथा ल्याण्डलाईन फोन, आइफोन, स्मार्टफोन, साधारण फोन र वेभ फोनबाट फोन गर्न सकिने
क्रेडिट कार्डबाट पनि रिचार्ज गर्न मिल्ने
कुनै पनि जानकारी चाहिएमा टेलिफोनमार्फत कष्टमर सर्भिस उपलब्ध
क्रेडिट कार्ड अथवा नजिकको कन्भिनियन्स स्टोरमा रिचार्ज गरी सँधै प्रयोग गरौं र आफन्तसँगको सामिप्यता पनि सँधै कायमै राखौं ।
MasterCard VISA AMERICAN EXPRESS DISCOVER PayPal LAWSON FamilyMart MINI STOP サークルK smart pit
एक पटक २,000 येन रिचार्ज गरेपछि कार्डले दिने समय
iPhone/SmartPhone/Internet
Landline 4hrs 05min
Mobile (NTC) 3hrs 56min
Mobile (Ncell) 3hrs 50min
Landline
Landline 3hrs 20min
Mobile (NTC) 3hrs 10min
Mobile (Ncell) 3hrs 08min
आफ्नो लागि एकप्रति सँधै साथमा सुरक्षित राखौं ।
GMT International
GMT INTERNATIONAL CO., LTD.
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax : 03-5937-5314, Mob: 080-4150-5314(SB)
Email: samudraparinews@gmail.com
Website : www.gmt-intl.com/card/


५0 जना कामदारको तुरुन्त आवश्यकता
● टोकियो ● साइतामा ● चिवा ● नागोया
चिवा
काम गर्ने समय
① 08 : 00 ~ 12 : 00
② 10 : 00 ~ 19 : 00
③ 14 : 30 ~ 20 : 00
तलब : ९00 येन प्रति घण्टा
कामको प्रकृति: बेन्तो, स्याण्डवीच सम्बन्धि
बिदाको दिन कम्पनीद्वारा तोकिने
एइज्यु, तेइज्यु र डिपेन्डेन्टलाई उच्च प्राथमिकता
通訳・
翻訳業務正社員も同時募集
आइची केन/नागोया
कप रामेन उत्पादन कम्पनी
काम गर्ने समय
① 05 : 30 ~ 14 : 30
② 06 : 30 ~ 17 : 30
③ 07 : 00 ~ 16 : 00
④ 09 : 00 ~ 18 : 00
कम्पनी भित्र ५० येनमा रामेन खरिद गर्न पाइने
तलब : ९00 येन प्रति घण्टा
बिदा आपसी सहमतिमा तय गरिने
नागोयाको चिरपरिचित रामेन
साइतामा/टोकियो
काम गर्ने समय
① 07 : 00 ~ 16 : 00
② 08 : 00 ~ 17 : 00
③ 21 : 00 ~ 06 : 00
④ 00 : 00 ~ 06 : 00
⑤ 20 : 00 ~ 06 : 00
तलब : ९00 येन प्रति घण्टा
कामको प्रकृति: तरकारी काटने, धुने कामका साथै बेन्तोको टपिङ सम्बन्धि
बिदा आपसी सहमतिमा तय गरिने
K LINE K·LINE GROUP
Homepage: www.k–linegroup.co.jp
सम्पर्कका लागि:
साइतामा र चिवा क्षेत्र : शाह - 080-5872-6983
टोकियो र चिवा क्षेत्र : निराजन - 080-5433-9651
लामा - 090-2932-8634
आईचीकेन क्षेत्र : दिपेन्द्र - 070-2189-4246
रमिला - 070-2189-4244
日本語の場合佐藤まで
080-5872-6984
सम्पर्क गर्ने समय
१0 देखि १९ बजेसम्म